का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २९५
❐ ४ पुस २०७८, आइतबार
❐ 19 December 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# अप्ठ्यारोमा प्रधानमन्त्री



■ सर्वदलीय बैठकमा एमाले सहभागी नहुने

सत्तारुढ पाँच दलीय गठबन्धन जोगाउँदै प्रमुख विपक्षी दल नेकपा एमालेले लगातार गर्दै आएको संसद् अवरोध हटाउनपर्ने भूमिकामा प्रधानमन्त्री शेरबहादुर देउवा छन् । अझ विवादित एमसीसीबारे निर्णय लिनुपर्ने दबावले पनि प्रधानमन्त्री देउवा अप्ठ्यारोमा देखिन्छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ पुस ।

प्रधानमन्त्री शेरबहादुर देउवाले सर्वदलीय बैठक बोलाएका छन् । संसद्मा सहभागी दलहरुको संयुक्त छलफल गर्न आज प्रधानमन्त्री देउवाले बैठक बोलाएका छन् । छलफलको विषय भने खुलाइएको छैन । तर बालुवाटार स्रोतका अनुसार, प्रमुख विपक्षी दल नेकपा एमालेले गर्दै आएको संसद् अवरोध खुलाउनेबारे छलफल हुनेछ ।

प्रधानमन्त्री देउवाले यसअघि पनि सर्वदलीय बैठक बोलाएका थिए । तर एमालेले प्रधानमन्त्रीको निम्तो अस्वीकार गर्दै आएको छ । नेकपा एकीकृत समाजवादी सहभागी हुने बैठकमा नआउने एमालेको अडान छ । एमालेले एकीकृत समाजवादीलाई राजनीतिक दलको रुपमा स्वीकार गर्न चाहेको छैन । एमाले विभाजन गरी बनेको एकीकृत समाजवादी सत्ता साझेदार दल हुन् ।

त्यसैले प्रधानमन्त्रीले बोलाउने कार्यक्रममा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल सहितका नेताहरुले भाग लिने गरेका छन् । माधव नेपाल सहभागी हुने भएपछि एमाले नेताहरुले बैठक अस्वीकार गर्दै आएका छन् । तर एमालेले संसद् अवरोध पनि कायमै राखेको छ ।

गएको २३ भदौदेखि संसद् अवरोध गर्न थालेको एमालेले २८ मंसिरमा बोलाएको विधेयक अधिवेशन पनि अवरोध गरेको छ । एमालेले सभामुख अग्निप्रसाद सापकोटाको राजीनामा र एकीकृत समाजवादीका सांसदहरुले संसद्मा सहभागी हुन नपाउने माग राख्दै आएको छ । गएको २ भदौमा एमालेले माधव नेपाल सहित १४ सांसदलाई पदमुक्त गर्ने निर्णय गरेको थियो । तर सभामुख सापकोटाले एमालेको निर्णय कार्यान्वयन नगरेको भन्दै एमालेले संसद् चल्न दिएको छैन । केन्द्रीय कमिटी वा संसदीय दलमा २० प्रतिशत पुगे दल विभाजन गर्न सकिने देखि प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई दल रोज्ने अधिकार दिनेगरी सरकारले अध्यादेश ल्याएको थियो ।

त्यसैअनुसार, माधव नेपालको नेतृत्वमा एकीकृत समाजवादी र महन्थ ठाकुरको नेतृत्वमा लोकतान्त्रिक समाजवादी दल (लोसपा) बनेको छ । जनता समाजवादी पार्टी (जसपा) विभाजित गर्दै लोसपा बनेको थियो । तर आज बोलाइएको सर्वदलीय बैठकमा पनि एमाले अनुपस्थित हुने प्रमुख सचेतक विशाल भट्टराईले बताए । प्रधानमन्त्रीको खबर नआएको र आए पनि माधव नेपाल सहभागी हुने बैठकमा नजाने उनले बताए ।

तर प्रधानमन्त्री देउवा भने संसद् सञ्चालन गर्न नेताहरुसँगको तीव्र परामर्शमा छन् । अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बारे निर्णय लिनुपर्ने भएकाले पनि प्रधानमन्त्री देउवा दबावमा देखिन्छन् । एमसीसीबारे एमाले लचक छ । ओलीले प्रधानमन्त्री हुँदा अनुमोदन नै गराउन खोजेका थिए । तर गठबन्धनमा रहेका नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपामा भने चर्को विरोध छ । एमसीसी संशोधन बिना अनुमोदन गर्न नसकिने अडानमा यी दलका नेताहरु छन् । त्यसैले गठबन्धन जोगाउँदै संसद् सञ्चालनमा ल्याउनु प्रधानमन्त्री देउवालाई सजिलो देखिदैन ।

# न मतदान न सहमति !

आन्तरिक प्रतिस्पर्धाबाट नेतृत्व चयन गर्न विधान पारित गरेपनि नेकपा माओवादी केन्द्रको प्रदेश नेतृत्व चयनमा न निर्वाचन, त सहमतिको अवस्था देखिएको छ ।




*माओवादी केन्द्र प्रदेश-१ को अधिवेशन उद्घाटन समारोह । फाइल तस्वीर*

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ३ पुस ।

नेकपा माओवादी केन्द्रको प्रदेश-२ को नेतृत्व चयन प्रक्रिया अन्योलमा परेको छ । सर्लाहीको लालबन्दीमा शनिबार हुने भनिएको अधिवेशन प्रतिनिधि छनोटमा विवाद भएपछि स्थगित गरिएको छ । अधिवेशन आइतबार बिहान ११ बजेसम्म स्थगित गरिएको हो ।

अधिकांश जिल्लाबाट निर्धारित संख्या भन्दा बढी प्रतिनिधि आएकाले अधिवेशन उद्घाटन हुन नसकेको प्रदेश अध्यक्ष प्रल्हाद बुढाथोकीले बताए । "तोकिए भन्दा बढी प्रतिनिधि आएर समस्या भयो । छलफलबाट प्रतिनिधि छनोट सम्बन्धी विवाद समाधानको प्रयत्न गरिनेछ", उनले भने । समस्या समाधान गर्न केन्द्रीय नेतृत्वसँग परामर्श भइरहेको पनि बुढाथोकीले बताए ।

प्रदेश-२ मा २४१ सदस्यीय प्रदेश कमिटी बनाउने माओवादी केन्द्रको निर्णय छ । त्यसका निम्ति प्रत्येक पालिकाबाट एक जना प्रदेश कमिटीमा प्रतिनिधित्व हुने, प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा पार्टी प्राप्त मतका आधारमा प्रदेश कमिटी चयन गर्ने निर्णय भएको छ । तर प्रतिनिधिमै विवाद भएपछि शनिबार अधिवेशन रोकियो ।

माओवादी केन्द्रका अन्य प्रदेशमा पनि लोकतान्त्रिक प्रक्रियाअनुसार नेतृत्व चयन हुन सकेको छैन । प्रदेश-१ को अधिवेशन सकिएर पनि नेतृत्व चयन हुन सकेन । २५-२६ मंसिरमा अधिवेशन सकेर प्रतिनिधिहरु फर्किसकेका छन् । तर नेतृत्व चयन हुन नसकेपछि कार्यदल गठन भएको छ । अजम्बर काङमाङको नेतृत्वमा बनेको कार्यदलले पनि प्रदेश नेतृत्व चयन गर्न सकेको छैन ।

प्रदेश-१ मा इन्द्र आङ्बो र सुरेशकुमार राई अध्यक्षदका दावेदार छन् । तर कसैले पनि अडान नछोडेपछि अन्य पदाधिकारी चयन हुन सकेको छैन । प्रदेश कमिटीमा एक महिला सहित तीन उपाध्यक्ष, सचिव, तीन सहसचिव र कोषाध्यक्ष पदाधिकारी चयन गर्नुपर्ने हुन्छ ।

अध्यक्ष नै टुंग्याउन नसकेको माओवादी केन्द्रले कुनैपनि प्रदेशमा पदाधिकारी बनाएको छैन, जबकी प्रदेश अधिवेशन सकिएको छ । बागमती प्रदेशमा २७५ सदस्यीय प्रदेश कमिटी टुंगो लागको छ । तर अध्यक्ष चयन हुन सकेको छैन ।

बागमतीमा सरल सहयात्री पौडेल, विदुर खड्का, डीपी ढकाल, इन्द्रबहादुर थिङ र दीनानाथ गौतम अध्यक्षको प्रत्यासी छन् । गण्डकीको अयक्षमा गायत्री गुरुङ चयन भइन् । तर गण्डकीको समस्या पनि अन्य प्रदेशकै जस्तो छ । २२९ सदस्यीय प्रदेश कमिटी बनाएको माओवादी केन्द्रले पदाधिकारी चयन गर्न सकेको छैन ।

लुम्बिनीमा सुदर्शन बरा अध्यक्ष चयन भए । यहाँ २१७ सदस्यीय प्रदेश कमिटी टुंगिएको छ । कर्णाली प्रदेशमा पनि अध्यक्ष मात्रै टुंगिएको छ । विमला केसी अध्यक्ष चयन भएपनि बाँकी पदाधिकारी चयन भएको छैन ।

सूदुरपश्चिम प्रदेशले पनि नेतृत्व चयन गर्न सकेको छैन । सूदुरपश्चिममा शरदसिंह भण्डारी, नरेन्द्र कुँवर, मानबहादुर धामी, वीरमान चौधरी, नेपबहादुर चौधरी, हरिप्रसाद चौधरी लगायतले नेतृत्वको दावी गरेका छन् । तर चुनावी प्रक्रियामा नगएर सहमति जुटाउन सक्ने प्रयास गरिरहेको माओवादी केन्द्रको प्रदेश नेतृत्व चयन सकसपूर्ण देखिएको छ ।

# भीम रावल एमालेको सल्लाहकार

दशौं महाधिवेशनमा केपी शर्मा ओलीसँग अध्यक्षमा प्रतिस्पर्धा गरेका भीम रावललाई एमालेले सल्लाहकार परिषद्मा राखेको छ । सामान्यत: सक्रिय राजनीतिबाट बिदा भएकाहरु सल्लाहकारमा रहने गर्छन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ पुस ।

नेकपा एमालेले अध्यक्षमा पराजित भीम रावललाई सल्लाहकार कमिटीमा राखेको छ । महासचिव शंकर पोखरेलले रावललाई सल्लाहर कमिटीको सदस्य राखिएको बताएका छन् ।

१४ मंसिरमा चितवनमा सकिएको १०औं राष्ट्रिय महाधिवेशनमा केपी शर्मा ओलीविरुद्ध अध्यक्ष पदमा रावलले प्रतिस्पर्धा गरेका थिए । ओलीले १,८३७ मत पाउँदा रावलले २२३ मत पाएका थिए । अध्यक्षमा पराजित रावलले केन्द्रीय कमिटी सदस्यमा उम्मेद्वार बन्न अस्वीकार गरेका थिए ।

तर रावललाई सल्लाहकार बनाएको छ । सल्लाहकार परिषद्को अध्यक्ष अमृत बोहोरालाई बनाइएको छ । सामान्यत: एमालेमा उमेर हद नाघेका नेताहरु सल्लाहकार बन्ने गर्छन् । ७० वर्ष उमेर हदकै कारण बोहोरा सक्रिय राजनीतिबाट विदा लिएका थिए । उनलाई २५-२६ मंसिरमा भक्तपुरमा सकिएको केन्द्रीय कमिटी बैठकले सल्लाहकार परिषद्को अध्यक्ष बनाएको थियो । त्यही कमिटीको सदस्यमा रावललाई राखिएको छ ।

रावलले भने आफूलाई सल्लाहकार परिषद्को सदस्य राखेकोमा आपत्ति जनाएका छन् । सोध्दै नसोधी कुनै पदको टीका लगाइदिनु आपत्तिजनक भएको रावलको प्रतिक्रिया छ । "मलाई सोध्दै नसोधी कुनै पदको टीका लगाइदिनु आपत्तिजनक छ । यस्तो टीके प्रणाली जनताको बहुदलीय जनवाद र लोकतान्त्रिक मान्यताको विपरीत हुन्छ", रावलले सामाजिक सञ्जालमा लेखेका छन्, "मलाई नेकपा (एमाले) को केन्द्रीय सल्लाहकार परिषद्को सदस्य बनाइएको समाचार सुनियो ।"

एमालेमा यसअघि अध्यक्ष पदका प्रत्यासीलाई वरिष्ठ नेता मान्ने गरिएको थियो । आठौं महाधिवेशनमा झलनाथ खनालसँग अध्यक्ष पराजित केपी ओलीलाई तेस्रो वरियताको नेताको सम्मान दिइएको थियो । अध्यक्ष निर्वाचित खनाल पछि पूर्व महासचिव माधवकुमार नेपाल दोस्रो वरियतामा थिए । नवौं महाधिवेशनमा अध्यक्ष पदमा ओलीसँग पराजित माधव नेपाललाई पनि तेस्रो वरियतामा राखिएको थियो ।

आठौंमा अध्यक्ष जितेका खनाल ओलीपछि दोस्रो वरियतामा राखिएको थियो । तर दशौं महाधिवेशनमा भने वरिष्ठ नेताको पद नै हटाइएको थियो । बरु वरिष्ठ उपाध्यक्षको व्यवस्था गरियो । वरिष्ठ उपाध्यक्षमा ईश्वर पोखरेल निर्विरोध भएका थिए । अध्यक्षमा पराजित रावललाई केन्द्रीय सदस्य समेत मनोनीत गरिएन । ४४ जना केन्द्रीय सदस्य

– बाँकी पृष्ठ २ मा

# भिजिट भिसा : वैदेशिक रोजगारको गम्भीर रोग




**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ पुस

वैदेशिक रोजगार क्षेत्रका सरोकारवालाले छिटो कमाउने प्रलोभनमा परेर भिजिट भिसामा वैदेशिक रोजगारमा नजान रोजगार आकांक्षी युवा युवतीलाई सुझाव दिएका छन् । अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस २०२१ को अवसरमा वैदेशिक रोजगार पत्रकार समाजले शनिबार आयोजना गरेको 'भिजिट भिसा: समस्या र समाधान' विषयक छलफल कार्यक्रममा उनीहरूले उक्त सुझाव दिएका हुन् ।

वैदेशिक रोजगार विज्ञ रामेश्वर नेपालले भिजिट भिसाको समस्या नेपालमा विगतदेखि नै रहेको बताए । उनले सम्बन्धित सरकारी निकायले कडाई गर्न नसक्दा भिजिट भिसामा गएर अलपत्र पर्ने र दु:ख पाउने अवस्था आएको भन्दै समस्याको समाधानका लागि सरकार, व्यवसायी र स्वयं कामदार पनि सतर्क हुनुपर्नेमा जोड दिए ।

कोरोना संक्रमण केही कम भएपछि नेपालबाट भिजिट भिसामा वैदेशिक रोजगारीका लागि जाने क्रम बढ्दो रहेको र विदेशमा रहेका नेपाली कुटनैतिक नियोगहरू सक्रिय भएमा समस्या समाधान गर्न सहज हुने उनको भनाइ थियो ।

लामो समयदेखि विदेशमा अलपत्र कामदारको उद्धारमा लागेका प्रवासी नेपाली समन्वय समितिका अध्यक्ष कुलप्रसाद कार्कीले हाल विभिन्न झुठा प्रलोभन दिएर भिजिट भिसामा युवाहरू खाडीका विभिन्न मुलुकमा लैजाने बढेको बताए । भिजिट भिसाको नाममा विदेश जाने र लैजाने हालको प्रवृत्तिलाई नियन्त्रण गर्न नसके त्यसले भविष्यमा विकराल अवस्था सिर्जना हुने उनको भनाइ थियो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका कार्यवाहक अध्यक्ष कमल तामाङले भिजिट भिसामा गैरकानूनीरूपले पठाउने धन्दामा केही म्यानपावर कम्पनीका सञ्चालकको पनि संलग्नता हुन सक्ने सूचना आफुले पाएको भन्दै भिजिट

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ठगी नियन्त्रण गर्न 'र्‍यापीड रेस्पोन्स टिम'

**काठमाडौं/रासस–** सरकारले वैदेशिक रोजगारका क्षेत्रमा हुनसक्ने ठगी नियन्त्रण गर्न शीघ्र प्रत्युत्तर टोली (र्‍यापिड रेस्पोन्स टिम) गठन गरेको छ । वैदेशिक रोजगार विभागका महानिर्देशकको प्रत्यक्ष अनुगमनमा रहने गरी तथा सम्बन्धित अन्तर्निकायको प्रतिनिधित्व हुने गरी शीघ्र प्रत्युत्तर टोली गठन गरिएको हो ।

वैदेशिक रोजगार विभागका निर्देशकको संयोजकत्वमा गठन गरिएको र्‍यापीड रेस्पोन्स टिममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालय, नेपाल प्रहरीका प्रतिनिधि सदस्य रहेका छन् भने वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृत सदस्य सचिव रहेका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले वैदेशिक रोजगारसम्बन्धी

– बाँकी पृष्ठ २ मा

तु-आवश्यकता

यस फेमस ह्यूमन रिसोर्सेज प्रा.लि कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्ना योग्यताको प्रमाणत्र सहित सम्पर्क राख्नुहोला ।

◆ Accountant - 1 (M/F)
◆ Documentation - 1 (M/F)
◆ PRO - 2 M/F

मेनपावर क्षेत्रमा कम्तीमा २ वर्षदेखि ३ वर्ष सम्मको अनुभव भई अंग्रेजी राम्रो सँग बोल्न, लेख्न, पढ्न र कम्प्युटर राम्रो सँग जानेको इच्छुक व्यक्तिले आफ्नो C.V Email: famoushr545@gmail.com मा इमेल गर्नुहोला ।

तलब आपसी समझदारीमा तय गरिने छ ।

फेमस ह्युमन रिसोर्सेज प्रा. लि.
कोटेश्वर-३२, तिनकुने, काठमाडौं, नेपाल,
सम्पर्क नं.: ९८५१०२१३०२
श्रम इजाजत नं. ५४५/०६१/०६२

# आजदेखि विद्यार्थीलाई खोप

**काठमाडौं/मस-** सरकारले आजदेखि ५७ जिल्लाका १२ वर्षदेखि १७ वर्ष उमेर समूहका विद्यार्थीलाई कोरोना भाइरसविरुद्धको खोप लगाउँदैछ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मोडर्ना खोपको पहिलो मात्रा यही पुस ४ देखि १४ गतेसम्म विद्यार्थीलाई लगाउने भएको मन्त्रालयका प्रवक्ता डा. संगीता कौशल मिश्रले जानकारी दिइन्। उनका अनुसार प्रदेश नं १ को ताप्लेजुङ, संखुवासभा, ओखलढुङ्गा, खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलाम र उदयपुर, प्रदेश नं २ को सिराहा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लास्थित विद्यालयका विद्यार्थीलाई खोप लगाइनेछ।



यस्तै खोप लगाउनेमा वाग्मती प्रदेशको दोलखा, सिन्धुपाञ्चोक, रसुवा, धादिङ, नुवाकोट, रामेछाप र मकवानपुर, गण्डकी प्रदेशको गोरखा, मनाङ, मुस्ताङ, म्याग्दी, लमजुङ, तनहुँ, नवलपरासी पूर्व, स्याङ्जा र पर्वत, लुम्बनी प्रदेशको रुकुमपूर्व, रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची, पाल्पा, नवलपरासी पश्चिम, कपिलवस्तु र बर्दिया रहेका छन्। त्यस्तै कर्णाली प्रदेशका डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालीकोट, दैलेख, जाजरकोट, रुकुमपश्चिम र सल्यान तथा सुदूरपश्चिमका बाजुरा, बझाङ, दार्चुला, बैतडी, डोटी, अछाम र कञ्चनपुर जिल्लाका सो उमेर समूहका विद्यार्थीलाई खोप लगाउने भएका छन्। ती जिल्लाका विद्यार्थीलाई दोस्रो मात्रा भने माघ २ देखि १२ गतेसम्म सञ्चालन गर्नेछ। मन्त्रालयले यसअघि १२ वर्षमाथिका दीर्घ रोगीका लागि फाइजर खोप सञ्चालन भएका १९ जिल्ला र सिन्धुली गरी २० जिल्लामा पनि फाइजर खोप अभियान सोही अवसरमा मन्त्रालयले सञ्चालन गर्दैछ।

यस्तै मन्त्रालयले यही पुस १३ देखि २२ गतेसम्म काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, चितवन, सिन्धुली, डडेल्धुरा र सुर्खेतका बालबालिकालाई फाइजर खोपको पहिलो मात्रा सञ्चालन गर्दैछ। ती जिल्लामा दोस्रो मात्रा भने माघ ४ देखि १३ गतेसम्म सञ्चालन हुने मन्त्रालयले जनाएको छ।

कतार डायरी

तिलु शर्मा पौडेल/मध्यान्ह

# नेपाली श्रमिक कल्याणकारी संघ कतारको अध्यक्षमा लम्साल

नेपाली श्रमिक कल्याणकारी संघ कतारको तेस्रो अधिवेशन सम्पन्न भएको छ।एनआरएनए कतारका अध्यक्ष मोहमद मुक्तदामुसलमानको प्रमुख आतिथ्यता तथा संघका अध्यक्ष तिल विक्रम मगरको सभापतित्वमा अधिवेशन सम्पन्न भएको हो। कार्यक्रममाभारतिय तथा फिलिपिन्सका प्रतिनिधिहरुको विशिष्ट आतिथ्यता रहेको थियो।




व्यानर अनावरण, राष्ट्रिय गान, मौन धारण सहित अगाडी बढेको कार्यक्रमलाई संघका प्रथम उपाध्यक्ष तथा कार्यक्रम संयोजक देव लम्सालले स्वागत गरेका थिए भने संघका बारेमा नारायण खपाङ्गी मगरले प्रकाश पारेका थिए। कार्यक्रममा विभिन्न जिल्ला तथासमुदायका संघ संस्था प्रमुखहरू तथा प्रतिनिधीहरुको उपस्थिति रहेको थियो।

अधिवेशनमा शुभकामना राख्ने वक्ताहरूले श्रमिक संघले कतारमा रहेका मजदुरका हकहितका लागी छोटो समयमा गरेको कार्यकोमुक्त कन्ठले प्रशंसा गरेका थिए।

प्रमुख अतिथि मुक्तदाले श्रमिक कल्याणकारी संघ र एनआरएनए कतारको श्रमिक बिभागको उद्देश्य समानान्तर रहेको हुदा' आफूहरू संघसँग सहकार्य गर्दै कार्यसम्पादन गर्न तयार रहेको बताए। उनले कतार सरकारले अवैधानिक रूपमा रहेका आप्रवासी कामदारको हकमा लागु गरेको वैधानिक हुने नियमको पालना गर्दै अवैधानिक कामदारलाई वैधानिक हुन पहल गर्न आग्रह समेत गरेका थिए।

आफ्नो मन्तव्यको क्रममा मुक्तदाले कोही श्रमिक समस्यामा परेको छ भने एनआरएनए कतारले मुलुक फिर्ता हुने देखी यहाँ हुनसक्ने सबै किसिमका सहयोग गर्न तत्पर रहेको प्रतिबद्धता व्यक्त गरेका थिए।

संघको कार्यप्रगती विवरण पेस तथा कार्यक्रमको सहजिकरण महासचिव मिलन विश्वकर्माले गरेका थिए। कार्यक्रममा विभिन्न सहयोगी, पत्रकार तथा संस्थाहरूलाई संघले मायाको चिनो र कदर पत्रले सम्मान गरेको थियो। खुल्ला शत्रको समापन गर्दै सभापति मगरले कार्यसमिति तथा कतारमा रहेका सबै सहयोगी, मार्गदर्शक तथा कार्यसमितिका सबै पदाधिकारीहरूलाई धन्यवाद ज्ञापन गरेका थिए।

बन्द शत्रबाट देव लम्सालको अध्यक्षतामा निर्विरोध नयाँ कार्यसमिति चयन भएको छ। संघको वरिष्ठ उपाध्यक्षमा प्रेम मण्डल, प्रथम उपाध्यक्ष नारायण खपाङ्गी, दित्तिय उपाध्यक्ष दर्शन सुनार, महासचिव मिलन विश्वकर्मा, सचिव सुरज शाही, कोषाध्यक्ष गंगा प्रसाद श्रेष्ठ, सह कोषाध्यक्ष बाबुराम महत रहेका छन्। त्यस्तै सदस्यहरूमा शान्ता केसी, शिला भुसाल, कल्पना घर्ती, रबिना मगर, विमल सुबेदी, सन्दिप सहानिया जनक विश्वकर्मा रहेका छन्। नव निर्वाचित पदाधीकारीहरुलाई निर्वाचन समितिका संयोजक विजय बस्नेतले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए।

**को हुन् नव निर्वाचित अध्यक्ष ?**

वैदेशिक रोजगारीको सिलसिलामा गुल्मी जिल्ला मालिका गा'उपालीका वडा न ५ बाट सन २००६ मा कतार आएका लम्साल संघको स्थापना कालमा सह कोषाध्यक्ष पदमा रही कार्यसम्पादन गरेको अनुभव छ।

निवर्तमान कार्यसमितिमा उपाध्यक्ष पदमा रहेका लम्साल आगामी एक कार्यकालका लागी अध्यक्षमा निर्वाचित भएका हुन। लम्साल कतारका विभिन्न संघ संस्थामा सक्रिय भएर लागेका शालीन ब्यक्तिका रूपमा परिचित छन्। शपथ पछि बोल्दै उनले कतारमा रहेका सबै श्रमिकका हकमा प्रतिबद्ध भएर कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

# एउटै ढुंगामा नेपालकै ठूलो बुद्धको मूर्ति निर्माण गरिँदै




**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ३ पुस

सिन्धुपाल्चोकमा एउटै ढुंगामा नेपालकै ठूलो ८० फिट उचाइको बुद्ध मूर्ति शिलान्यास गरिने भएको छ। पाँचपोखरी थाङपाल गाउँपालिका-७ भोटेनाम्लाङमा उक्त बुद्ध मूर्तिको शनिबार शिलान्यास गरिएको छ।

पाँच करोड रुपैयाँको लागतमा बन्ने उक्त मूर्तिको शिलान्यास पूर्वकानूनमन्त्री तथा नेकपा (एमाले) का सांसद शेरबहादुर तामाङ र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति प्राज्ञ लालकाजी लामाले संयुक्त रूपमा गरेका छन्। ढुङगामा छिनो र हम्मरले हानेर बुद्ध मूर्तिको शिलान्यास गरिएको थियो।

दुई वर्षभित्रमा मूर्तिको निर्माण सकिने गाउँपालिकाले जनाएको छ। आन्तरिक र बाह्य पर्यटक भित्र्याएर आम्दानीको स्रोत बढाउने लक्ष्य गाउँपालिकाको छ। मूर्ति निर्माणलगायत वरिपरिको संरचना निर्माणका लागि रु.१० करोड लाग्ने छ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले मूर्ति निर्माणको जिम्मा लिएको छ। मूर्तिलाई कुँद्ने काम निर्धारित समयमै सक्ने र यसका लागि सबैको सहयोग चाहिने प्रतिष्ठानका कुलपति लामाले बताए। नेकपा (एमाले)का स्थायी कमिटी सदस्य तामाङले पाँचपोखरीलाई पुग्ने सम्पत्ति यसै ठाउँबाट कमाउन सकिने बताए।

ढुंगामा मूर्ति कोर्न मात्रै रु दुई करोड लाग्ने गाउँपालिकाका अध्यक्ष टासी लामाले जानकारी दिए। यसवर्ष मूर्ति कुँद्नका लागि गाउँपालिकाले रु.५२ लाख बजेट विनियोजन गरेको लामाले बताए।

मूर्ति वरिपरि कन्फरेन्स हल, रेस्टुरेन्ट, गुफा, मेडिटेसन गर्ने स्थान तथा वरिपरि सानासाना मूर्ति रहने लामाले जानकारी दिए। यहाँको संरचना हेर्न आउने व्यक्ति छुट्टै संसारमा पुगेको अनुभूति गराउने लक्ष्य रहेको लामाले बताए। बुद्ध मूर्तिको निर्माणले विश्वमा शान्तिको सन्देश जाने धर्म गुरु खेम्पो निमा ढिन्डुपले बताए।

# भारतीय पत्रकार संघद्वारा मध्यान्हकर्मी अहमद सम्मानित

**रौतहट/मस-** मध्यान्हकर्मी इसत्याक अहमद सम्मानित भएका छन्। भारतीय पत्रकार संघको तेस्रो राष्ट्रिय महाधिवेशन, अवार्ड समारोह एवं गोष्ठीका क्रममा मध्यान्हकर्मी अहमदलाई सम्मान गरिएको हो।



लोकसेवा संस्थान प्रयाग सडकमा सम्पन्न भएको उक्त कार्यक्रममा पत्रकारको सुरक्षामा सरकार गम्भीर नभएको बताइएको छ। पत्रकार संरक्षण ऐनबारे सरकारले छिट्टै ठोस कदम नचालेमा भारतीय पत्रकार संघले प्रदेशदेखि देश तहसम्म व्यवस्थित रुपमा आन्दोलन गर्ने निर्णय समेत गरेको छ। सम्मेलनको अध्यक्षता भारतीय पत्रकार संघका राष्ट्रिय अध्यक्ष सेराज अहमद कुरैशीले गरेका थिए।

गोष्ठीमा बोल्दै संघका राष्ट्रिय अध्यक्ष सेराज अहमद कुरेशीले पत्रकार संरक्षण ऐन कार्यान्वयनमा सरकार गम्भीर नभएको बताए।सबैका साथ सबैका विकास भन्ने नारा पत्रकारको हकमा अर्थपूर्ण नभएको सरकारको भनाइ छ।

भारतीय पत्रकार संघ यस कानूनको विरुद्ध निर्णायक लडाइँ लड्ने तयारीमा रहेको भन्दै उनले पत्रकारका अन्य संघसंस्थालाई पनि साथ दिने बताए। आवश्यक परे सबै पत्रकारले यो कानुनको लागि लड्नेछन्। गोष्ठीलाई सम्बोधन गर्दै संघका प्रदेश अध्यक्ष रणजितकुमार सम्राटले पत्रकारले नेतालाई अगाडि बढाएर समाजसेवा गर्ने तर हामी आफ्नो सुरक्षाका लागि सरकारतिर हेरिरहेको बताए। उनले सरकारले पत्रकारलाई धोका दिएको बताए।

महाराष्ट्र राज्यका अध्यक्ष अस्लम कुरैशीले सरकारले सुरक्षा कानून तत्काल लागू गर्नुपर्ने बताए। बिहार प्रदेश महासचिव केकेएम राजले पत्रकारको आवाज उठाउने शक्ति भारतीय पत्रकार संघमा रहेको बताए। उनले भने, 'यो त्यस्तो मञ्च हो जहाँबाट सरकारले हाम्रो आवाज सुनाउनुपर्छ।'

राष्ट्रिय कानूनी सल्लाहकार सनोबर अलीले कानूनी पक्षका बारेमा बोल्दै एकजुट भएर मात्रै कानून बनाउन सफल हुने बताए।

नेपालबाट पुगेकावरिष्ठ पत्रकार एवं मध्यान्हकर्मी इसत्याक अहमदले पनि नेपाल सरकारसँग कानूनको माग गर्ने बताए।

प्रयागराज पत्रकार आलोक मालवीय साकिब अनवर संघका राष्ट्रिय उपाध्यक्ष सत्येन्द्र मिश्र, मध्य प्रदेश प्रदेश महासचिव आरिफ खान, अन्तर्राष्ट्रिय मानव अधिकार अध्यक्ष सुरेश सिंह, तोमर इलेक्ट्रोनिक मिडिया क्लब प्रयागराजका संयोजक वीरेन्द्र पाठक सन्दीप तिवारी, राजकुमार यादव आदिले पनि सम्बोधन गरेका थिए। कार्यक्रमको संयोजन संघका राष्ट्रिय परिषद् सदस्य सलमान अहमद र सहसंयोजक जिल्ला इकाई अध्यक्ष अभिनव केसरवानीले गरेका थिए। संघको जिल्ला एकाइका प्रथम सदस्य अशोक श्रीवास्तव राजाको विशेष सहयोग रहेको थियो। उक्त राष्ट्रिय परिषद सदस्य सलमान अहमद र जिल्ला संरक्षक शाहिद नकवीले सञ्चालन गरेका थिए।

कार्यक्रममा रिजवान अन्सारी, अशिफ खान रञ्जित निषाद, आशुतोष श्रीवास्तव फैजान, रजा मोहम्मद अख्तर, इमरान युसुफ शाहबाज अन्सारी, यश गुप्ता सोमराज वर्मा, हरिओम केसरवानी, मिथिलेश पाठक, अम्ब्रीश अग्रवाल, विवेक श्रीवास्तव, करुणाकार रामपथ करुणाकार अम्बरिश, अरशद गुफ्रान खान, मोहम्मद इरफान, डा. जैदुल्लाह आदि संघका सक्रिय सदस्य तथा पदाधिकारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा स्थानीय बासिन्दाहरुको उल्लेख्य उपस्थिति रहेको थियो।

# एनआरएनए कतारले मनायो स्थापना दिवस

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए) कतारले आफ्नो १९ औं स्थापना दिवस भव्य रुपमा मनाएको छ। शुक्रवार एक समारोहको आयोजना गर्दै संघले स्थापना दिवस मनाएको हो।

कार्यक्रमका प्रमुख अतिथि नेपाली राजदूतावास कतारका कार्यवाहक राजदूत लक्षमण खनालले स्थापना दिवसको शुभकामना व्यक्त गर्दै संघले कोराना समयमा गरेको मानवीय कार्यको प्रशंसा गरेका थिए। कार्यक्रमका विशिष्ट अतिथि लेबर अर्गनाईजेसन कतारका हेड अफ अवरनेस एन्ड गाईडनेस प्रमुख अलि सला अल खलफले कतार सरकार सदैव मजदुरको पक्षमा काम गर्न तयार रहेको र गरिरहेको बताए। उनले कतारको नियम मजदुर मुखी बनाई रहेको बताउदै आगामी दिनमा पनि नेपाली तथा सबै समुदायसँग सहकार्य गर्ने बताए। शुभकामना मन्तव्यकै क्रममा एनआरएनए आइसीसीले बाटो बिराएको बताउँदै सही मार्गमा आउने अपेक्षा गरिएको पत्रकार महासंघ कतार शाखाका अध्यक्ष करीम बक्स मिया'ले बताए। मियाँले संघ पैसामा बिकीरहेको आरोप लगाउँदै मध्यपूर्वले सकारात्मक पहल गर्दै एनआरएनमा लागेको ब्रेकलाई चिर्न अपिल गरेका थिए।

त्यस्तै अर्का वक्ता नेपाली जनसम्पर्क समिति कतारका कार्यवाहक सभापति ठाकुर कुमार परियारले स्थापना दिवस मनाइरहँदा एनआरएनए आइसीसीका पछिल्ला गतिविधि के का लागि भनेर प्रश्न गरेका थिए। कार्यक्रममा बोल्दै आइसीसी सचिव आरके शर्मा, सल्लाहकार टिबी कार्की, एनआरएनए संस्थापक सदस्य सागर नेपाल, एनआरएनए मानार्थ परिषद् सदस्य विमल सुवेदी, शनि कुमार वलीलगायतले हाल देखिएको समस्या यही वर्षको अन्त्य सँगै समाधान हुने बिश्वास व्यक्त गरेका थिए। उनीहरूले एनआरएनएको विवादलाई सहमतिमा हल गरेर मात्रै अगाडि बढ्न सुझावसमेत दिएका थिए।

कार्यक्रममा अमृत कुरुवाङ्गले आफ्नो साङ्गीतिक प्रस्तुतिसमेत दिएका थिए।संघका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानको सभापतित्वमा सम्पन्न कार्यक्रममा द्वितीय उपाध्यक्ष प्रेम चलाउनेले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमलाई महासचिव पदम गिरीले सञ्चालन गरेका थिए। कार्यक्रमको समापन गर्दै सभापति मुक्तदाले एनआरएनए आइसीसीलेमा देखिएको समस्या आइसीसीलेबाट नभएर एनसीसीबाट सुरुवात भएको बताए। संस्था व्यक्तिको नभएको हुँदा जुँगाको लडाई संस्था भित्र नगर्न उनले आग्रह गरेका थिए।

### भीम....

मनोनीत गरेका ओलीले रावललाई सल्लाहकार परिषद्मा राखेका छन्। रावलले यसलाई आपत्तिजनक मानेका छन्।

पूर्व उपप्रधान एवम् गृहमन्त्री रावलसँग अझै सक्रिय राजनीति गर्ने समय बाँकी छ। रावल अहिले ६६ वर्षका छन्। ७० वर्ष पार गर्न लागेका ओलीले रावललाई सक्रिय राजनीतिबाटै विदा गर्नेगरी सल्लाहकारमा राखेका छन्।

### भिजिट...

भिसाको धन्दामा गैरआवासीय नेपाली (एनआरएन), उनीहरूका आफन्त र दूतावासमा कार्यरत सरकारी कर्मचारीको समेत मिलेमतो रहेको दाबी गरे। कार्यवाहक अध्यक्ष तामाङले सरकारी कर्मचारीको मिलेमतो र लाचारिपनले भिजिट भिसा मौलाउँदै गएको भन्दै कार्यवाहक अध्यक्ष तामाङले आर्थिकरूपमा असक्षम व्यक्ति भिजिट भिसामा गइरहँदा अध्यागमन विभागले छानविन गर्न नचाहनु गम्भीर विषय भएको टिप्पणी गरे।

'सरकार सुध्रिने हो भने आजैबाट सबै समस्या सल्टिन्छ,' तामाङले भने, 'सरकारका कर्मचारीले भिजिट भिसालाई आफ्नो आर्थिक स्वार्थ पूरा गर्ने र कमाउने सोच राखिरहने हो भने यो समस्या सधैंका लागि रहिरहन्छ।'

ट्राभल एजेन्सी र शैक्षिक कन्सल्टेन्सीहरुले भिजिट भिसामा युवा युवतीलाई आकर्षक रोजगारी भन्दै विदेश पठाईरहेको भए पनि त्यसको सबै दोष म्यानपावर व्यवसायीमाथि थुपारिएको भन्दै का. अध्यक्ष तामाङले पछिल्लो समय युरोपियन मुलुकहरुमा भिजिट भिसाको आवरणमा युवा तस्करी बढिरहेको तर सरकारी निकायहरू थाहा नै नपाएको जस्तो बहानाबाजी गरिरहेको दाबी समेत गरे।

कार्यक्रममा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसियसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकालले भिजिट भिसामा जाँदा श्रमिकहरू गम्भीर समस्यामा पर्ने गरेको देखिएको बताए। श्रम स्वीकृति लिएर गएका कामदारको मृत्यु भएमा आश्रित परिवारले मृत्यु वा अंगभंग भएमा ७ लाख र बिरामी भए स्वास्थ्य खर्चबापत राहत सुविधा पाउने व्यवस्था छ। तर भिजिट भिसामा जानेहरु ती सबै सुविधाबाट बञ्चित हुने भएकाले भिजिट भिसालाई सबै पक्षले निरूत्साहित गर्नुपर्ने भन्दै अध्यक्ष ढकालले समस्या समाधानका लागि सरकार, व्यवसायीलगायत कामदारसमेत उत्तरदायी हुन जरुरी रहेको बताए। अध्यक्ष ढकालले भिजिट भिसामा गएकाहरूलाई नेपाली दुतावासहरू मार्फत वैधानिकता दिने विषयमा सरकारी र केही गैरसरकारी क्षेत्रबाट धारणा आएको भन्दै त्यो वैदेशिक रोजगार व्यवसाय र जाने कामदार दुवैको लागि भविष्यमा घातक प्रमाणित हुने चेतावनी दिए।

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका महासचिव मधुकर रिजालले विभिन्न झुठो प्रलोभन दिएर लैजाने र अलपत्र पार्ने क्रम बढेको भन्दै सचेतनाको आधारमा भिजिट भिसामा जाने क्रमलाई निरूत्साहित गर्नुपर्ने धारणा राखे। उनले भने, 'भिजिट भिसामा जाने भनेको घुम्न जाने भएकाले कामदारहरूले भिजिट भिसामा जाँदा हुने जोखिम बुझ्न सक्नुपर्ने हो, तर भिजिट भिसामा जानेहरूले सत्य कुरा बुझ्न चाहेको देखिएन।'

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष अशोक रानाले काम गरेर परिवार पाल्नुपर्ने बाध्यतामा रहेका कामदारलाई भिजिट भिसामा नजान आग्रह गरे।

मानव बेचबिखन अनुसन्धान व्यूरोका अनुसन्धान अधिकृत प्रहरी निरीक्षक मनिराम भट्टले भिजिट भिसामा वैदेशिक रोजगारमा जाँदा अप्ठ्यारोमा परेका अधिकांश पीडित न्यायका लागि उजुरी गर्न प्रहरीसम्म आउन हिचिकिचाउने गरेको भन्दै त्यसले पनि ठगी नियन्त्रणमा समस्या देखिएको बताए।

संस्थागत प्रक्रिया अर्थात् म्यानपावर कम्पनीबाट गएका युवायुवतीहरु खासै समस्यामा नपरेका तर व्यक्तिमार्फत गएका व्यक्तिहरु बेचबिखनमा पर्ने गरेका उजुरीहरु धेरै आइरहेको भन्दै अनुसन्धान अधिकृत भट्टले भिजिट भिसामा जानेहरुले केही उजुरी दिने तर उजुरीको अनुसन्धान पूरा नहुँदै भिजिट भिसामा नै विदेश पुगिसक्ने गरेकोले पनि समस्या रहेको बताए। समाजका अध्यक्ष उद्धवराज भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष रेशमराज पौडेलले स्वागत मन्तव्य राखेका थिए।

### ठगी...

आउने गुनासोलाई तत्काल निराकरण गर्न, राहत, उद्धार तथा क्षतिपूर्तिको सिफारिस गर्न तथा अन्तर निकाय समन्वयका लागि टोली गठन गरिएको बताए। टोलीले वैदेशिक रोजगार व्यवस्थापनमा कुनै सेवा प्रदायक निकाय, सङ्घसंस्था तथा व्यक्तिले बदनियतपूर्वक काम गरिरहेको वा गर्न लागेको कुनै सूचना प्राप्त भएमा छानविन गर्न, आवश्यक निर्देशन दिन तथा थप अनुसन्धानका लागि सिफारिस गर्नेछ।

वैदेशिक रोजगारसम्बन्धी कामलाई व्यवस्थित तथा मर्यादित बनाउने तथा कानूनको प्रभावकारी कार्यान्वयन गराउन र यस क्षेत्रमा आउने गुनासोको तत्काल सम्बोधन गर्न टोलीले काम गर्नेछ। वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित, सुरक्षित बनाउने क्रममा यस क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको अभिवृद्धि गर्न टोली गठन गरिएको मन्त्री श्रेष्ठको भनाइ छ।

अहिले नेपाली युवाको रोजगारीको प्रमुख स्रोतका रुपमा वैदेशिक रोजगारीले स्थान लिएको छ। तर यसक्रममा ठगिने, दुःख, हण्डर व्यहोर्नुपर्ने र सुशासनका दृष्टिलेसमेत नकारात्मक चित्रण हुने गरेकाले यसको छवि सुधार्ने प्रयासका रुपमा शीघ्र प्रत्युत्तर टोली गठन गरिएको हो।


रौतामाई गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

भुट्टार, उदयपुर

१ नं. प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०७८/०९/०४

यस कार्यालयको मिति २०७८/०८/१४ को **"Procurement & Supply of Electric Poles, Wires & other accessories" र २६ गेजको मेडियम क्लास रातो जस्ता पाता (लम्बाई ९ फीटको) सप्लाई गर्ने कार्य** सम्बन्धी ठेक्काको बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेख भएका बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनकालागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल गरेको रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | २०७८/०७९/११ | Procurement & Supply of Electric Poles, Wires & other accessories | Kavre Nepal Hydro Engineering, Gatthaghar-15, Madhyapur Thimi, Bhaktapur | रु. ८३,७८,०४६।०० |
| २. | २०७८/०७९/१२ | २६ गेजको मेडियम क्लास रातो जस्ता पाता (लम्बाई ९ फीटका) सप्लाई गर्ने कार्य (रौतामाई गा.पा., भुट्टार, उदयपुर सम्म) | Uday Suppliers & Traders, Triyuga Municipality-11, Gaighat | रु. ४९,८२,९५३।०९ |

**प्रमुख प्रशासकीय अधिकृत**

# जनमत अर्द्धसाप्ताहिक पत्रिकाको आयोजनामा रक्तदान




**पवन जयसवाल/मध्यान्ह**
नेपालगन्ज,३ पुस

नेपालगन्जबाट विगत ४० वर्षदेखि प्रकाशित हुँदै आएको जनमत अर्द्धसाप्ताहिक पत्रिकाले रक्तदान कार्यक्रमको आयोजना गरेको छ। कार्यक्रममा शनिबार अपरान्हसम्म स्वयम्सेवी रक्तदाताहरु पत्रकार, व्यवसायी, स्वास्थ्यकर्मी लगायत तीन जना महिलासहित ३५ जनाले रक्तदान गरेका छन् ।ग्रेस ग्लोबल ट्रेडिङ प्रा. लि., कारकाँदौ चोक नेपालगन्ज-१८ बाँकेको सहकार्यमा भएको उक्त रक्तदान कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपालगन्ज नगरि समितिकी अध्यक्ष दिला शाह र जनमत सम्पादक पूर्णलाल चुकेले प्राविधिकलाई रगत संकलन गर्ने प्याकेट प्रदान गरी शुरु भएको थियो ।

जनमतले आफ्नो रजत वार्षिकोत्सव २०६३ साल वैशाख २९ गतेदेखि हरेक तीन महिनामा रक्तदान कार्यक्रमको आयोजना गर्दै आइरहेको छ । विशेषगरि रगतको अभावमा छट्पटाइरहेका गरिब, असहाय र दूर दराजबाट आउने बिरामीहरुलाई लक्षित गरेर 'रक्तदान महादान' को पवित्र उद्देश्यले आयोजना गर्दै आएको रक्तदानको यो ५१ औं श्रृङ्खला हो ।रक्तदान गर्नेहरुमा अन्नपूर्णा दैनिकका प्रदेश व्यूरो प्रमुख शंकर प्रसाद खनाल, दैनिक नेपालगन्ज्का प्रधान सम्पादक झलक गैरै, मन मोहन वर्मा, स्वयम्सेवी रक्तदाता नेपाल घरेलु तथा साना उद्योग महासंघ नेपालगन्ज नगर समितिकी अध्यक्ष दिला शाह, जानकी गाउँपालिका वडा नं.५ का वडाध्यक्ष रमेश कुमार वर्मा,स्वेता विष्ट,सुस्मिता परियार, लक्ष्मण प्रसाद चमार, रेडक्रसका प्राविधिक होमराज गिरी, भगवान शरण यादव, पत्रकारहरु भगतराम थारु, शम्भु प्रसाद थारु, चन्द्रेश्वरराज त्रिपाठी, भिष्म लोध, नारायण प्रसाद मौर्या, मेघराज जिएम, रोहित गुप्ता, चर्चित युवा कलाकार प्रमोद डिजी, गौतम प्रसाद पौडेल, लक्ष्मण कुमार वैश्य, धर्मेन्द्र सिंह, पवन कुमार वैश्य, विनोद कुमार वैश्य, निरन थारु, कुलेन्द्र विश्वकर्मा, गप्फार अली शेष, सागर भट्ट, राम बाबु बढही, विवेक पराजुली, दिनेश कुमार वर्मा, राम कुमार बढही, गुरुदीन यादव र रुस्तम अली दर्जी लगायत ३५ जना रहेका छन् ।

सो अवसरमा रक्तदाताहरुलाई ग्रेस ग्लोबल ट्रेडिङ प्रा.लि.का सञ्चालकद्वय वेद प्रकाश सिंह ठकुरी र रणबहादुर शाहीले रक्तदान कार्यक्रमको लागो अंकित ज्याकेट वितरण गरेका थिए । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित लुम्विनी प्रदेशका प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मीको नेतृत्वमा होमराज गिरी, सोम प्रकाश सापकोटा, सन्दिप आचार्य, खगेन्द्र भट्टराई, हरि बहादुर दर्लामी, बैकुण्ठ रेग्मी लगायतले प्राविधिक सहयोग गरेका थिए भने कार्यक्रममा आकाश जायसवालले सहयोग गरेका थियो । कतिपय हाम्रा नियमित रक्तदाताहरु विविध कारणवस उपस्थित हुन नसकेको र रक्तदान गर्ने उच्च अभिलाषा बोकेर आउने कतिपय रक्तदाता उक्त रक्तचाप, न्यून रक्तचाप र औषधि सेवनका कारण रक्तदान गर्न नपाई निरास भई फर्कनु परेको आयोजकले जनाएको छ ।

# सरकारको दिनगन्ती शुरु भयोः सचिव रायमाझी

**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाची, ३ पुस

नेकपा एमालेका केन्द्रीय सचिव टोपबहादुर रायमाझीले सरकारको दिनगन्तीशुरु भएको बताएका छन् । अर्घाखाँची जिल्लाको छत्रदेव गाउँ पालिकाको विभिन्न वडामा आयोजित छुट्टाछुट्टै अन्तरक्रिया कार्यक्रममा मन्तव्य राख्दै उनले परमादेशबाट निर्मित सरकार जनादेशबाट विस्थापित हुने दाबी गरे । पूर्व उपप्रधानमन्त्री समेत रहेका रायमाझीले वर्तमान सरकारले जनताको पक्षमा काम गर्नुको सट्टा महंगी,ढिलासुस्ती र बेथिति बढाएको आरोप समेत लगाए ।



देउवा नेतृत्वको वर्तमान सरकार स्वार्थ समुहको झुन्ड भएको भन्दै रायमाझीले सरकारबाट जनअपेक्षा पूरा हुनै नसक्ने ठोकुवा गरे । उनले सभामुखले सभामुखको व्यवहार गर्न नसक्नु नै संसद अवरोधको मुख्य कारण भएको भन्दै अहिलेकै अबस्थामा संसद चल्नै नसक्ने चेतावनी समेत दिए । नेकपा एमालेका केन्द्रीय सदस्यद्वय चन्द्रबहादुर खड्का उज्ज्वल र चेतनारायण आचार्यले अर्घाखाँची जिल्लाको बिकास बजेट काटिएको भन्दै आपत्ति जनाए ।

नेकपा एमाले छत्रदेव वडा नं. ३ ले बल्कोट दुन्दुक र वडा नं. ६ ले चौवामा अलग अलग कार्यक्रम सम्पन्न गरेका थिए । कार्यक्रममा राष्ट्रिय जनमोर्चाका जिल्ला सदस्य नेत्रप्रसाद गैरे नेकपा एमालेमा प्रवेश गरेका छन् । राष्ट्रिय जनमोर्चा छत्रदेव गाउँपालिका कमिटीका अध्यक्ष समेत रहनु भएका उनले राष्ट्रिय जनमोर्चाले कम्युनिस्ट सरकार ढालेर राष्ट्रघाति दलालको समुहमा सामेल भई गठबन्धन गर्दै हिँडेको भन्दै कम्युनिस्ट आन्दोलनको मुल प्रवाह नेकपा एमालेमा प्रवेश गरेको बताए ।

कार्यक्रममा नेकपा एमाले प्रदेश कमिटीका सदस्य पिताम्बर भुसाल,प्रकाश ज्ञवाली,एमाले क्षेत्रीय समन्वय कमिटीका अध्यक्ष धुर्व कुमार पाण्डे,एमाले सन्धिखर्क नगरकमिटीका उपाध्यक्ष शिव अधिकारी,स्थानीय नेताहरु हसरदिन मियाँ,तेजप्रसाद खनाल,कृष्ण पन्थी, टंक पन्थी,मित्रलाल आचार्य, हरि प्रसाद पाण्डे,दिपक भुसाल लगायतका वक्ताहरूले मन्तव्य राख्दै विकास र समृद्धिको निम्ति नेकपा एमालेको विकल्प नभएको बताएका थिए । कार्यक्रममा पार्टीको महादिवेशन बाट नेतृत्वमा आएका केन्द्रीय सचिव रायमाझी तथा केन्द्रीय सदस्यद्वय खड्का र आचार्यलाई सम्मान समेत गरिएको थियो ।


## Sitaram Secondary School
**Uchchakot, Doti**

### Invitation for Online Bid

**(Notice No: 01/078/79)**
**Date of First Publication: 2078-09-04 (19th Dec, 2021)**

1. Sitaram Secondary School, Uchchakot, Doti, invites bids from eligible bidders for following works:

| S.N | Contract Identification Number | Description of Works | Bid Security Validity Period | Estimated Cost (Without VAT) (NRs.) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 01-078/79/NCB/ SRSDOTI | Sitaram Secondary School Building Construction Work at Shikhar Municipality-09, Doti | 90 days | 12336897.11 | 325000.00 | 3000 |

2. Purchase, Submission and Opening :

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| Jan,17, 2022 | 17:00 | Jan,18, 2022 | 12:00 | Jan,18, 2022 | 14:00 | Bidders may download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |

3. Revenue Details/ Bid Security Details :

| Account holder's Name | Bank Name and Address | Office Code | Account Number | Revenue Heading No. |
|---|---|---|---|---|
| Sitaram Secondary School, Uchchakot, Doti | Everest Bank Ltd, Shikhar, Doti | 700210002 | 06600105200316 | 06600105200316 |

4. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Shikhar Municipality , Doti.
5. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 (First Amendment, 2073) and Public Procurement Regulation 2064 (9th Amendment, 2076) and other prevailing rules and regulation of Nepal.

## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

### विद्युतीय माध्यमबाट शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७८/०९/०४**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार Jyabritar Truss Bridge/ Dhandkhet Truss Bridge योजनाको लागी तपसिल बमोजिमको फेब्रिकेटेड स्टील पार्टस खरिद तथा आपूर्ति गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले दरभाउपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website: www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website: www.ppmo.gov.np मार्फत हेर्न सकिने र सिलबन्दी सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**दरभाउपत्र सम्बन्धी खरिद तथा आपूर्ति कार्यको विवरण**

| सि. नं. | दरभाउपत्र नं. | कामको विवरण | स्वीकृत ल.ई. रकम (भ्याट वाहेक) रु. | धरौटी रकम रु. | खरिद तथा आपूर्ति | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | RRM/SQB/Goods/ 16/2078-079 फेब्रिकेटेड स्टील पार्टस् | Procurement and supply of Fabrication of steel parts and transportation up to road heads of Jyabritar Truss Bridge (Rautamai RM-8) | 16,37,736.90 | 48,000.00 | नेपाल सरकार बाट मान्यता प्राप्त फेब्रिकेटर | 1,000.00 |
| २. | RRM/SQ/Goods/ 17/2078-079 फेब्रिकेटेड स्टील पार्टस् | Procurement and supply of Fabrication of steel parts and transportation up to road heads of Dhandkhet Truss Bridge (Rautamai RM-8 & 4) | 14,90,793.60 | 43000.00 | नेपाल सरकार बाट मान्यता प्राप्त फेब्रिकेटर | 1,000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

## साउदीमा रोजगार
१. कम्पनी : Mishaal Shaleel Habib Al-Mutairi
शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०८/१६ चलानी नं.: ६०१६९४२९ LT. No.: 252643 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 16 | 0 | स. काममा दक्ष | 1200 | ३८,८३२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पौष ११ गते (26 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: 015902036, 015902037,9851011127

## SAUDI ARABIA मा रोजगारको अवसर
कम्पनी : SHAHD CAFE KASEB BIN MALFI AL SHARARI TO SERVE DRINKS शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७८/०३/२० चलानी नं.: ६०१५९६२१ L.T. No.:241752 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beverage Juice Maker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५५,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Confectionery Maker | 1 | 0 | | 1700 | ५५,०१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष ११ गते (26 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SUN HILLS OVERSEAS SERVICES PVT. LTD
Gov.Lic. No. 818/066/067
**सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.**
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोनः ०१-५९०४०५८, Mob: 9813737367, 9863449920
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com

## कतारमा रोजगार
१. कम्पनी : NASSER BIN KHALED AND SONS TRADING COMPANY
शहर : DOHA

पुर्व स्वीकृत मितिः २०७८/०९/२ चलानी नं.: ६०१७०७३० LT. No.: 254094

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 1 | 1 | सम्बन्धित काममा दक्ष | 1300 | ४३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Storekeeper | 2 | 0 | | 1900 | ६३,३६५ | | | | | | | |

२. कम्पनी : TEYSEER SECURITY SERVICES CO WLL शहर : DOHA
पुर्व स्वीकृत मितिः २०७८/०९/२ चलानी नं.: ६०१७०७२८ LT. No.: 253747

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५०,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 32 | 2 | | 1500 | ५०,०२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ पौष ११ गते (26 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बैंक पछाडी), ललितपुर
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९
E-mail : nepal@soundlinesgroup.com
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३

## HOSPITALITY TRAINING
Hilton Academy Pvt.Ltd. A great place for career
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोटः ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौ

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# एमसीसी उल्झन

अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) मुलुकको समस्या देखिएको छ । एमसीसीले अनुमोदन गराउने वा नगराउने भन्ने निर्णय लिन दबाव दिइरहेका छन् भने दलहरूलाई यसबारे निर्णय लिन कठिन बनिरहेको छ । विशेषगरी सत्ताको नेतृत्व गरिरहने व्यक्ति र पार्टीका निम्ति बढी सकसको विषय बनेको देखिन्छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा एमसीसी विवादित विषय बनेको छ । त्यसबेला ओली प्रधानमन्त्रीका हैसियतमा एमसीसी अनुमोदन चाहन्थे । गएको आर्थिक वर्ष २०७७/०७८ को बजेटमै ओलीले एमसीसी राखेका थिए । वैदेशिक स्रोतमा एमसीसी राखिएपछि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र चर्को विरोध भएको थियो । नेकपाका नेताहरूको विरोधपछि तत्कालीन अर्थमन्त्री युवराज खतिवडाले एमसीसी बजेटबाट हटाए । एमसीसी अनुदानको स्रोतबाट हटाए पछि मात्रै बजेट पारित भयो ।

त्यसपछि त नेकपाभित्र एमसीसी चर्को विवादको विषय बन्यो । ओली र उनी निकट नेताहरू एमसीसी अनुमोदन गर्न चाहन्थे भने अन्य नेताहरू संशोधन नगरी अनुमोदन गराउन नहुने पक्षमा लविङ्मै उत्रिए । नेपालको संविधान भन्दा माथि एमसीसी सम्झौता हुन नहुने आवाज उठेपछि अध्ययन कार्यदल नै बन्यो । ओलीको चाहना बिपरीत झलनाथ खनाल संयोजक, भीम रावल र प्रदीप ज्ञवाली सदस्य रहेको कार्यदल बन्यो । उक्त कार्यदलले साझा निष्कर्ष दिन सकेन । खनाल र रावलले संशोधन गरेर मात्रै एमसीसी अनुमोदन गराउनुपर्ने प्रतिवेदन तयार पार्दा ज्ञवालीले जस्ताको त्यस्तै अनुमोदनको पक्षमा उभिए । यो विवाद चर्किंदै जाँदा नेकपा नै विभाजित भयो ।

अहिले नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री छन् । प्रधानमन्त्री देउवालाई पनि एमसीसी टाउको दुखाइको विषय बनेको छ । सत्ता साझेदार नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) एमसीसी संशोधन गरेर मात्रै अनुमोदन गराउनुपर्ने पक्षमा छन् भने प्रधानमन्त्री देउवा प्रष्ट हुन सकेका छैनन् । अतः आज यसबारे सर्वदलीय बैठक प्रधानमन्त्री देउवाले बोलाएका छन् । त्यसका निम्ति शुक्रबारबाटै प्रधानमन्त्री देउवाले परामर्श थालेका थिए । कतिसम्म भने एमसीसीकै कारण सत्तारूढ गठबन्धनमा समस्या आउने चिन्ता समेत गरिएको छ । अतः यो विषयको अनिर्णयबारे विवेकपूर्ण निष्कर्षमा नेताहरू पुग्न जरूरी छ । सधैं विवादका रूपमा लिने र समाधान ननिकाल्ने हुँदा मुलुकको सार्वभौमता बलियो हुँदैन, सँगै वैदेशिक अनुदानदाताहरूको विश्वास समेत कमजोर हुनेछ ।

# संघमा सहमतीय नेतृत्वको खाँचो

अहिलेको अवस्थामा वैदेशिक रोजगार क्षेत्रका समस्याको समाधानका लागि संघमा सहमतिको नेतृत्व एउटा बलियो माध्यम हुन सक्ने देखिएको छ । आम व्यवसायीहरू राजनीतिक दलमा पनि सक्रिय रहेको र सोहीअनुसारको पदीय आकांक्षा राख्ने गरेको कारण सहमतिको नेतृत्वको खोजी कतिपयलाई असान्दर्भिक र कतिपयलाई अव्यावहारिक पनि लाग्न सक्छ ।

अग्रलेख



● मेघनाथ भुर्तेल

यही पुस २३ गते नेपालका तमाम वैदेशिक रोजगार व्यवसायीहरुको एक मात्र पेशागत छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघको दुई वर्षे कार्यकालका लागि नयाँ नेतृत्वको निर्वाचनसहितको साधारण सभाको मिति तोकिएको छ । योसँगै वैदेशिक रोजगार व्यवसायी र यससँग सरोकार राख्ने पक्षहरू बीच आगामी नेतृत्वको विषयमा गम्भीर छलफल शुरू भएको छ । संघले निर्वाचनको मिति तोकेसँगै आगामी नेतृत्वको लागि राजनीतिक दल निकट नेतृत्वका आकांक्षी व्यवसायीहरूले आफ्नो दावी सार्वजनिक गर्न थालेका छन् । उनीहरू संयुक्त र व्यक्तिगत छलफलमा जुटिरहेको पाइएको छ । संघको नयाँ निर्वाचनको मिति तोकिएको एक हप्ता मात्रै भएको र यसबिचमा विभिन्न दलका महाधिवेशन परेका कारणले अधिकांश व्यवसायी त्यसतर्फ केन्द्रित भएका कारणले छलफलको क्रममा केही सुस्तता आए पनि महाधिवेशनको समाप्तिसँगै संघको निर्वाचन र नेतृत्वबारेको छलफल सघनरूपमा अघि बढ्न थालेको छ ।




संघको वर्तमान कार्यसमितिको करीब साढे दुई वर्षको अवधिमा हुन सकेका राम्रा नराम्रा कामको समीक्षा र आगामी कार्यकालमा यस पेशा व्यवसायको रक्षा र कोभिडका कारणले संकटमा रहेका व्यवसायीहरूको सुरक्षाका लागि गर्नुपर्ने कामहरूको नेतृत्व कौशलताका आधारमा आफु र आफ्नोभन्दा पनि व्यवसायीहरूले परिपक्क र अनुभवी नेतृत्व छनौट गर्नुपर्ने छ ।

नेपालबाट प्रत्येक वर्ष ठूलो संख्यामा युवायुवती वैदेशिक रोजगारीमा जाने गरेका छन् । वैदेशिक रोजगारका क्षेत्रमा देखिएका कमीकमजोरी हटाई सुधार गरेर यस क्षेत्रलाई व्यवस्थित गर्नुको सरकार र व्यवसायीहरूका अगाडि विकल्प पनि छैन । तर, वैदेशिक रोजगार ऐन, २०६४ मा समय सापेक्ष संशोधन, वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई रोजगार करारपत्रका आधारमा अन्तिम श्रम स्वीकृति, नेपाली श्रमिकहरुका लागि आकर्षक मानिएका युरोपेली देशहरुको नयाँ गन्तव्य खोजी, मागपत्र प्रमाणीकरणमा रहेका समस्याको समाधान, जापानमा प्रशिक्षार्थी कामदार पठाउने सम्वन्धमा विभागबाट जारी गरिएका जिट्को लाईसेन्स प्रयोजन बिहिन भएकोले त्यसको तत्काल खारेजगरी सबै व्यवसायीको पहुँचामा पुर्‍याउन पर्ने जस्ता विषयले निकास नपाउँदा आम व्यवसायी निस्सासिएको अवस्थामा छन् । यसका अतिरिक्त वैदेशिक रोजगार व्यवसायीहरुले वैदेशिक रोजगारका क्षेत्रसँग सम्वन्धित अभिमुखीकरण तालिम तथा अन्य व्यवसाय सञ्चालन गर्न पाउनु पर्ने, कोभिड-१९ का कारण रोजगार गुमाई नेपाल फर्किएका कामदारका उजुरी सुनुवाई गर्न, व्यवसायीहरुको समेत प्रतिनिधित्व हुने गरी समिति बनाउनु पर्ने, वैदेशिक रोजगार विभागले परीक्षणका रुपमा प्रयोग गर्न शुरु गरेको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा सुधार गर्नुपर्ने, सेवा शुल्क परिमार्जन, व्यवसायी भलाई कोषको सञ्चालनजस्ता अनगिन्ति समस्याले वैदेशिक रोजगार जकडिएको छ । लामो समयदेखि यी समस्याको समाधान नआउँदा वैदेशिक रोजगार व्यवसायीहरूमा चरम निराशा र घोर असन्तुष्टि छ । निराशा कै कारणले कतिपय व्यवसायी यस पेशाबाट सधैंका लागि पलायन हुन थालेका छन् भने प्रविधि मैत्री मानिएको नयाँ पुस्ता यस व्यवसायमा प्रवेश गर्न चाहेका छैनन् । अनेकौं व्यवधानहरूले गर्दा व्यवसायप्रतिको आकर्षक निरन्तर घटिरहेको छ ।

> लामो समयदेखि समस्याको समाधान नआउँदा वैदेशिक रोजगार व्यवसायीहरूमा चरम निराशा र घोर असन्तुष्टि छ । निराशा कै कारणले कतिपय व्यवसायी यस पेशाबाट सधैंका लागि पलायन हुन थालेका छन् भने प्रविधि मैत्री मानिएको नयाँ पुस्ता यस व्यवसायमा प्रवेश गर्न चाहेका छैनन् । अनेकौं व्यवधानहरूले गर्दा व्यवसायप्रतिको आकर्षक निरन्तर घटिरहेको छ ।

मुख्यतः वैदेशिक रोजगारीमा जाने कामदारहरुलाई सुरक्षित गर्ने र उनीहरुको श्रम प्रकृयालाई सरल र सहज बनाउने विषयमा संघ नेतृत्वको थप सक्रियता अपेक्षित रहँदै आएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पछिल्लो दुई कार्यकालको समीक्षा गर्ने हो भने व्यवसायीमा नेतृत्वको उपलब्धिलाई लिएर सन्तुष्टि देखिँदैन । अघिल्लो कार्यकाल नेकपा निकट व्यवसायीहरूले संघमा दुईतिहाई मतसहित नेतृत्व गरे । तर तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टले व्यवसायीका माग सुन्नै चाहेनन् । अनेक लान्छना लगाउँदै सकेसम्म भित्तामा नै पुर्‍याउने गरी एकोहोरो पेलेर लगे । पछिल्लोपटक नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले 'क्लिन स्वीप' नै गरेर संघमा सबै सिट जितेको अवस्था छ । संघमा निर्णय गर्ने सुविधाजनक अवस्था भएपनि कोरोनाको विश्वव्यापी महामारीको कारणले चाहेर पनि वर्तमान नेतृत्वले निर्वाचनका क्रममा सार्वजनिक गरेका प्रतिबद्धताअनुसारको परिणाम ल्याउन सकेन । कोरोनाका कारणले चाहिने जति सक्रियता देखाउन सकेन । व्यवसायीले निर्वाचित अध्यक्षलाई नै गुमाउनु पर्‍यो । स्वर्गीय अध्यक्ष विष्णुप्रसाद गैरेले व्यवसायी भलाइ कोषको कार्यान्वयन र सेवा शुल्कमा परिमार्जन जस्ता लामो समयदेखि अलपत्र अवस्थामा रहेका विषयलाई निर्णायक तहमा पुर्याउने अठोटमा रहनु भएको थियो । व्यवसायीको हितरक्षाका लागि दौडधुपमै उहाँको देहावसान भयो । सुधारका धेरै विषय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभागको टेबुलमा रहे ।

यस्तो अवस्थामा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी नेतृत्वलाई कसरी अगाडि बढाउँदा प्रभावकारी हुनसक्छ ? त्यसको व्यवहारिक उत्तर खोज्नु वैदेशिक रोजगारलाई मूल पेशा बनाएका आम व्यवसायीहरूको जिम्मेवारी हुन आएको छ ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा दुई/दुई कार्यकाल गरि करिब दश वर्ष नेतृत्वदायी अवस्थामा रहेर काम गर्दा मलाई के अनुभूति भएको छ भने बलियो संघको खदिलो र प्रभावकारी आवाज नभएसम्म वैदेशिक रोजगार व्यवसाय मर्यादित र यो पेशा व्यवसायमा लगानी भएको अर्बौंको लगानी सुरक्षित हुनसक्ने अवस्था छैन । प्रजातान्त्रिक मान्यतालाई मानेर निर्वाचनको माध्यमबाट नेतृत्व चयन हुनुलाई नराम्रो मान्नै सकिँदैन । तर निर्वाचनमा पराजित भएको प्यानल वा पक्ष राजनीतिक प्रतिपक्ष जस्तो पुरै कार्यकाल विपक्षमा बस्दा संघको निर्वाचित नेतृत्वले अपेक्षित काम गर्न सकेको देखिदैन ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ जस्तो पूर्णतः व्यवसायिक संस्थामा राजनीतिक आस्थाका आधारमा प्यानल बनाएर लडिने निर्वाचन र त्यसले खडा गर्ने नेतृत्वले अपेक्षित परिणाम प्राप्त गर्न नसक्दा प्रजातान्त्रिक प्रणालीका आधारमा हुने निर्वाचनले ल्याउने नेतृत्वले समाज र राजनीतिको सबै पक्षलाई समेट्न नसकेको हो कि भन्ने अवस्था पनि समिक्षाका क्रममा देखियो । निर्वाचित कुनै पनि नेतृत्वलाई काम नगरौं भन्ने चाहना हुँदैन । निर्वाचित सबै नेतृत्वको उद्देश्य र परिचालन व्यवसायीको आकांक्षाअनुसारको परिणाम देखाउने नै हुन्छ । तर राजनीतिक र प्रशासनिक नेतृत्वमा पहुँच पुर्‍याउन नसक्दा हुनुपर्ने सजिला निर्णय पनि हुन सकिरहेका छैनन् । त्यसको मार कुनै एक दल वा पक्षमा आस्था राख्ने व्यवसायीले मात्र नभई सबै पक्ष र दलमा आस्था राख्ने व्यवसायीले समान रूपमा खेप्नुपरेको छ । यो अवस्थाको अन्त्य कसरी गर्ने ? संघको साधारणसभा र निर्वाचनको सम्मुखमा आम वैदेशिक रोजगार व्यवसायीहरूले निर्वाचनको विकल्प सहमतिको आधारमा नेतृत्व छान्ने विषयमा गम्भिरतापूर्वक सोच्नु परेको छ ।

अहिलेको अवस्थामा वैदेशिक रोजगार क्षेत्रका समस्याको समाधानका लागि संघमा सहमतिको नेतृत्व एउटा बलियो माध्यम हुन सक्ने देखिएको छ । आम व्यवसायीहरू राजनीतिक दलमा पनि सक्रिय रहेको र सोहीअनुसारको पदीय आकांक्षा राख्ने गरेको कारण सहमतिको नेतृत्वको खोजी कतिपयलाई असान्दर्भिक र कतिपयलाई अव्यावहारिक पनि लाग्न सक्छ । व्यवसाय प्रबर्द्धन आकांक्षा राख्ने संघ तथा राजनीतिक दल निकट संगठनका पूर्व तथा वर्तमान अध्यक्ष र अग्रज व्यवसायीहरूको पहलमा सहमतिमा नेतृत्व स्थापित हुनसक्छ । सत्तापक्ष, प्रतिपक्ष राजनीतिक तथा प्रशासनिक पहुँच राख्न सक्ने सबै प्रकारका व्यवसायीलाई समेटेर जाँदा निर्वाचनबाट आउने नेतृत्वभन्दा प्रभावकारी हुन सक्नेछ । सहमतिको प्रयासबाट आएको नेतृत्व सफल हुन नसके दुई वर्ष पछि मतदानको माध्यमबाट यसअघिका साधारणसभामा जस्तै नेतृत्व छनौट गर्ने विकल्प यथावत छ । यसतर्फ समय छँदै सबैले सोच्ने कि ?

*(भुर्तेल नेपाल वैदेशिक रोजगार व्यवसायी संघका वर्तमान कार्यसमितिका सचिव हुन् ।)*

## सामाजिक सञ्जाल



- दिपेन्द्र लामा

बिपीले गणतन्त्र होइन प्रजातन्त्र भनेका थिए, त्यसैले गणतन्त्र ल्याएर उहाँप्रति अन्याय गर्‍यौं भनेर तर्क गर्नु भनेको ग्राहम बेलले तारसहितको टेलिफोन आविष्कार गरेका थिए, मोबाइल फोनको आविष्कारले उहाँको अपमान भयो भन्नुजस्तै हो ।



- निर्मल प्रसाइँ

खसआर्य, पिछडिएको क्षेत्र, दलित, महिला, मुश्लिम, थारूलगायतबाट एउटा पनि नयाँ अनुहार आएनन् । सबै उहि वर्षोदेखि सुनी आएका खेली आएका नामहरूले जिते । गरिब, शोषित, बञ्चित, पीडित, सिमान्तकृत यो पटक पनि गुमनाम ! सबै पार्टीमा देखिएको टिठलाग्दो दृश्य ! दुरूपयोग र बेइज्जत भयो आरक्षणको !



- पुरूषोत्तम ढुंगेल

नेपालको लागि सही छ कि छैन चासो छैन गठबन्धन तोड्ने हो भने पास गरिन्छ रे । बुझ्नुपर्ने कुरा केहो भने एमसीसी त केही पनि होइन भारत र अमेरिकाले यी नेताहरूलाई नेपालको यो यो भाग हाम्रो लागी महत्वपूर्ण छ चाहियो भने पछि यि विदेशीका खेतालाले घुमाउरो पाराले दिन्छन् भने ।



- विपि भट्टराई

मिश्रले मिलन पाण्डेलाई सोधे स्पष्टीकरण, दर्शनालाई कारबाही : हेर फेरि अर्को चटक । केटाकेटी आए गुच्चा खेले गए । उम्रदैको तीन पात भन्छन ! मेरो सूझाव मिश्र जी अब नाम फेर विवेकशील होइन, घमण्डशील पार्टी राख । माफ गर तिम्रो अहंकार पतनको मार्ग हो ।



- नरेश परियार

जातीय विभेद केही होइन र आफ्नो जात लुकाउनु हुँदैन भन्नेहरू एक चोटि 'दमाई र कामी'को ठाउँमा उभिएर हेरन, कति पोल्छ, कति घोज्छ भन्ने कुरा थाहा हुन्छ । मान्छे जीवनभर अछुत भनिनुको पीडा, सँगै पढ्ने साथीले आफ्नो घरभित्र नलगेर बाहिर उभिनुको पीडा, जातकै आधारमा घरपेटीले कोठा नदिनुको पीडा ।

# साम्राज्यवादको प्रताडनमा किसान

विश्व



● गौतम चौधरी

> गरिब देश होस् वा धनी, त्यहाँका किसान र कृषि मजदुरको अवस्था लगभग उस्तै छ । अमेरिकाका वास्तविक कपास उत्पादकहरू पनि भारत–पाकिस्तानका कपास उत्पादक किसानहरू भन्दा धेरै राम्रो स्थितिमा छैनन् । पछिल्ला केही वर्षहरूमा भारत र पाकिस्तानका मात्रै नभई फ्रान्स, जर्मनी, अष्ट्रेलिया, ल्याटिन अमेरिकी देशहरू, चीन, टर्की, इजिप्ट, स्यानमार, अफ्रिकामा समेत किसानहरु आन्दोलनमै छन् ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक मञ्चबाट कृषि क्षेत्रसँग सम्बन्धित तीनवटा कानुन फिर्ता लिने घोषणा गरेपछि देशभर हंगामा मच्चियो । संसदको चलिरहेको हिउँदे अधिवेशनबाट कृषि ऐनलाई आवाजबाट फिर्ता लिने प्रस्ताव पारित गरियो । तथापी एउटा विषय गम्भीर रुपमा उठेको छ, आफ्ना मागका लागि शान्तिपूर्ण आन्दोलन गर्ने किसानलाई किन आतंकवादी, अतिवादी, राष्ट्रविरोधी र विकास विरोधी भनेर राजनीतिक नेतृत्व तहबाट व्याख्या भयो ? किन किसानलाई अपराधी सरह व्यवहार गरियो ?

वास्तवमा, यी प्रश्नहरूमा गम्भीर रुपमा छलफल गर्न आवश्यक छ । वर्तमानमा भारतका किसानहरूले यसलाई विश्वव्यापी बनाउन जरुरत देखिएको छ । उदाहरणका लागि, यो भारतका किसानको मात्र होइन विश्वभरका अन्नदाताहरूको विजय हो र यो विजय विश्वभर मनाउनुपर्छ, यस्तो कुरामाथि विश्वभर चर्चा हुन आवश्यक छ । कृषि समस्याका सम्बन्धमा विश्वभरका किसानहरू एक मञ्चमा आउनु पनि आवश्यक छ किनभने यो संकट एउटा राजनीतिक वा प्रशासनिक क्षेत्रीय एकाइसँग मात्र नभई सम्पूर्ण अन्नदाताको अस्तित्वका चुनौतीहरूसँग जोडिएको छ । पछिल्ला केही वर्षहरूमा पाकिस्तान, फ्रान्स, जर्मनी, अष्ट्रेलिया, ल्याटिन अमेरिकी देशहरू, चीन, टर्की, इजिप्ट, म्यानमार, अफ्रिकासहितका देशहरुमा पनि किसानहरु आन्दोलित छन् ।

भारतलगायत सबै देशका किसानहरूको साझा समस्याले उनीहरूलाई आन्दोलनमा उत्प्रेरित गरेको थियो ।



त्यसैले अब विश्वभरका कृषक समस्याका बारेमा सोच, मंथन र आन्दोलनको ढाँचा तयार गर्नुका साथै किसानका समस्या समाधानमा आफ्नो भूमिका सुनिश्चित गर्ने मञ्चको आवश्यकता महसुस भएको छ । कडा शब्दमा भन्नुपर्दा, विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता विश्वव्यापी वित्तीय संस्थाहरू विश्वव्यापी कृषक समस्याहरूको लागि जिम्मेवार छन् । जसले कथित रूपमा कल्याणकारी योजनाहरू सिर्जना गरिरहेका छन् र उनीहरूमार्फत खाद्यान्नलाई हतियारको रूपमा प्रयोग गरिरहेका छन् ।

भारतमा निश्चित जनतालाई मात्रै सोंचेर सरकारले कृषिसँग सम्बन्धीत नियमहरु बनाउँदै आएको छ । यस्तो व्यवस्था भारत बाहेक विश्वका अन्य देशमा पनि छ । यसका पछाडि विश्वभर कार्यरत वित्तीय संस्थाहरू योजनाबद्ध रूपमा संलग्न समेत देखिन्छन् । सरकारले खाद्यान्नको न्यूनतम मूल्य जारी गर्छ । जुन जनताको लागि भनेर भनिएको हुन्छ । सुन्दा धेरै राम्रो लागे पनि यसको पछाडिको खेल निकै खतरनाक छ । सरकार र सरकार समर्थित सञ्चारमाध्यमहरू कृषि उत्पादनको लागत मूल्यलाई न्यूनतम मूल्यसँग कहिल्यै तुलना गर्न चाहँदैनन् ।

हो, उत्पादन बृद्धिको लागि ठूलो प्रचार छ । रासायनिक मल, बीउ, पानी, खेती, कृषि मजदुर, कीटनाशक आदिको जम्मा गरेमा किसानले न्यूनतम मूल्यमा केही पाउँदैनन् । सोही ठाउँमा कृषि उत्पादन बजार वा कलकारखानाबाट उपभोक्तामा पुगेपछि त्यसको मूल्य कृषि उत्पादनको मूल्यभन्दा तीन गुणासम्म बढ्छ । एकातिर कृषिजन्य वस्तुको मूल्य बढोस् भन्ने सरकार चाहँदैन भने अर्कोतिर औद्योगिक उत्पादनका विषयमा सरकारको ध्यान छैन । जसलाई हेर्दा भन्न मिल्छ, किसानहरुलाई आत्महत्या गर्न प्रोत्साहित गरिएको छ । जसका पछाडि सरकारसँगै ठूला व्यवसायी, व्यापारी र विश्व बैंक जस्ता संस्थाहरुको रणनीतिहरु जोडिएका छन् । व्यापारको हिसाबमा किसानहरुलाई बलिको बोका बनाइएको छ । याद गर्नुहोस्, साम्राज्यवादी शक्तिहरू किसानको शोषणमा आधारित छन् । यो पतन पनि तब हुन्छ जब किसान साम्राज्यवादविरुद्ध लड्छन् । इतिहासमा यस्ता धेरै उदाहरण छन् । खासगरी भारतमा यस्ता उदाहरण छन् । मुगल र अंग्रेजहरूलाई धुलो चटाउन किसानहरूको ठूलो भूमिका थियो ।

मानव विकासमा आधारित विश्वको तथ्यांकको व्याख्याबाट एउटा कुरा प्रष्ट भएको छ कि आफूलाई समृद्ध भन्ने देशहरू अन्य गरिब देशहरूका किसान र कृषि मजदुरको कल्याणको पक्षमा छैनन् । गरिब देश होस् वा धनी, त्यहाँका किसान र कृषि मजदुरको अवस्था लगभग उस्तै छ । अमेरिकाका वास्तविक कपास उत्पादकहरू पनि भारत-पाकिस्तानका कपास उत्पादक किसानहरू भन्दा धेरै राम्रो स्थितिमा छैनन् । कृषि र कृषकका समस्यालाई लिएर दिनहुँ आन्दोलन भइरहेका छन् । किसानको समस्या विश्वव्यापी छ छ । यो समस्या साम्राज्यवादी शक्तिहरूले आफ्नो स्वार्थका लागि सिर्जना गरेका हुन् । यसको समाधानका लागि किसानहरूको विश्वव्यापी मञ्च हुनुपर्छ, जसले कुनै पनि पक्षपात नगरी विश्वका किसानहरूको हितको ख्याल राख्छ ।

*अमर उज्यालाबाट*

# पाकिस्तानको कराँचीमा विष्फोट, १० जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** पाकिस्तानको दक्षिणी बन्दरगाह शहर कराँचीमा शनिबार एउटा दुई तले भवनको भुइँ तल्लामा भएको विष्फोटमा कम्तीमा १० जनाको मृत्यु हुनुका साथै अन्य १२ जना घाइते भएको प्रहरी र अस्पताल स्रोतले बताएको छ ।

हाल अस्पतालको अभिलेखमा १० शव र १२ घाइतेको नाम दर्ता भएको छ भने घटनामा गम्भीर घाइते भएका अधिकांश घाइतेको अवस्था गम्भीर रहेको शहीद मोहम्मद बेनजिर भुट्टो इन्स्टिच्युट अफ ट्रमाका प्रमुख सञ्चालक मुहम्मद साबिर मेमनले जानकारी दिएका छन् । एक निजी बैंक र अन्य थुप्रै कार्यालयहरू भएको भवनमा ग्यास चुहावटका कारण विष्फोट भएको बताइएको छ । विष्फोटमा भवन आंशिक रूपमा ध्वस्त भएको थियो र थुप्रै व्यक्तिहरू भग्नावशेषमा फसेको आशंका गरिएको छ ।

उद्धार टोली फसेका मानिसहरुको खोजीका लागि भग्नावशेष हटाउन प्रयासरत छ । कराँची सिन्धको प्रान्तीय राजधानी हो ।

सिन्धका मुख्यमन्त्री सैयद मुराद अली शाहले घटनाप्रति दुःख व्यक्त गर्दै आतंकवादको सम्भावनालाई ध्यानमा राखेर घटनाको अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएका छन् ।

# चीनका सबैभन्दा जेष्ठ नागरिकको १३५ वर्षमा निधन

**काठमाडौं/एजेन्सी–** चीनका सबैभन्दा जेष्ठ नागरिकको १३५ वर्षको उमेरमा निधन भएको छ ।

स्थानीय अधिकारीहरुले शनिबार दिएको जानकारीअनुसार सिन्जीयान क्षेत्रमा बसोबास गर्दै आएकी अलिमिहान सेयीतीको बिहीबार निधन भएको हो । उनको जन्म सन् १८८६ को जुन २५ मा भएको थियो । उनी सन् २०१३ देखि देशको सबैभन्दा जेष्ठ नागरिक घोषित भएका थिए । निधन हुनु अगाडिसम्म पनि उनको दैनिक जीवन अति सामान्य नै रहेको अधिकारीहरुले जानकारी दिएका छन् । 'उहाँ सधैं हाँसी, खुशी देखिने र आफ्ना नाती नातीनाहरुसँग रमाउने गर्नुहुन्थ्यो' उनका एक आफन्तले भने । उनलाई स्थानीय सरकारले नियमित स्वास्थ्य परीक्षणलगायतका स्वास्थ्य सेवा पर्याप्त रुपमा उपलब्ध गराएको थियो ।



# लेबनानलाई संयुक्त राष्ट्रसंघको सहयोग

**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघले लेबनानका महिला र बालबालिकाको अवस्थाको सुधार गर्नका लागि सहयोग गर्ने बताएको छ । त्यहाँका महिला र बालबालिकाको अवस्था कमजोर रहेको भन्दै सो सहयोग गर्ने भएको हो । लेबनानका राष्ट्रपतिको कार्यालयले संयुक्त राष्ट्रसंघले सो सहयोग गर्न लागेको कुरा शुक्रबार एक विज्ञप्ति प्रकाशन गरेर जानकारी दिएको हो ।

बालबालिकाविरुद्धको हिंसाको अन्त्य गर्ने सम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष प्रतिनिधि नाजात माला मिजीदले संयुक्त राष्ट्रसंघले लेबनानका महिला र बालबालिकाका लागि सहयोग गर्न लागेको कुराको जानकारी दिएका हुन् । उनले भनेका छन्– 'यहाँका महिला र बालबालिकाको अवस्थाको विकास गरी उनीहरुको जीवनस्तरमा सुधार ल्याउनका लागि संयुक्त राष्ट्रसंघले यो सहयोग गर्न लागेको हो ।'

## साउदी र कतारमा रोजगारको अवसर

१. कम्पनी : AIM INDUSTRIES CO. BRANCH शहर : KSA
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०७५६ L.T. No.: 253870

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : THE EVEREST BIKER शहर : DOHA
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०७९३ L.T. No.: 254160

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanic | 2 | 0 | | 1100 | ३६,६८५ | | | | | | | |
| 3. | Salesman | 1 | 0 | | 1300 | ४३,३५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष ११ गते (26 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०७७/०७३/०७४

**Mac International Manpower Pvt. Ltd.**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal
Tel-: +977-1- 4489970, 4489920. Mobile: 9813591490
Email: macintlmanpower@gmail.com Website : www.macintlmanpower.com

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०९/०४**

कञ्चनपुर जिल्ला लालझाडी गाउँपालिका-५ मा रहेको श्री अपी सा.व.उ.स. को वन क्षेत्रमा चालु आर्थीक बर्षमा उत्पादन भई सा.व.स. को घाटगद्धीमा रहेको खयर काठ गोलिया थान २०२ को परिमाण ६८७.९० क्युफिट काठ जुन अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानेगरि सिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकाले इच्छुक ब्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिदगरि २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीका लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स.को सूचना पाटीमा टाँस गरिएको छ ।

**थप जानकारीका लागि सम्पर्क नं. ९८६२४६८४३ र ९८६८७२७७५९**

## साउदीमा रोजगारको अवसर

१. कम्पनी: SULTAN GROUP FOR GENRAL CONTRACTING शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०९/०१ चलानी नं.: ६०१७०६८६ L.T. No.: 253839

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL-MUTAWAKKIL LOGISTICS SERVICES EST, शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०६८५ L.T. No.: 253838

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५८,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 9 | 0 | | 1800 | ५८,२४८ | | | | | | | |
| 3. | Worker | 3 | 0 | | 1000 | ३२,३६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस ११ गते (26 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८३४/०६६/०६७

**चाँदनी म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोनः ४९५५४२२, ४९६०५२२

## शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

१. कम्पनी: Ramalla For Provision Of Personal And Foreign Labour Recruitment Est शहर: Amman
पूर्व स्वीकृत मिति: २०७७/०८/२५ चलानी नं.: ६०१५३८१८ LT. No.: 235441 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: USD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housemaid | 0 | 50 | स. काममा दक्ष | 300 | ३६,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ZAMZAM CO. IMPORTING SERVANTS शहर: JORDAN
पूर्व स्वीकृत मिति: २०७७/१२/१७ चलानी नं.: ६०१५६३७३ LT. No.: 237805 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: USD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House Maid | 0 | 50 | स. काममा दक्ष | 300 | ३६,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष ११ गते (26 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ९९४/०६८/०६९

**माउण्टेन ग्रुप ईन्टरनेशनल प्रा. लि.**
धापासी-९, बसुन्धारा, काठमाडौं, नेपाल, फोनः ४९८७४९४, ४९८७४९५, ४९८३९८३
मोः ९८४११३५५३५, ९८५१२१११८८, फ्याक्सः ४९८७४९५

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७८।०६।२० को विशेष साधारण सभाको निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८।०८।१५ को निर्णयबाट **साविक मुन लाइट आवासिय माध्यामिक विद्यालय प्रा.लि (प्रा.लि.नं. २९७२३/०६१/०६२** ) को नाममा रहेको सम्पुर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने दायित्व आदी परिवर्तित नामको कम्पनीले तिर्ने व्यहोर्ने गरि साविकको नाम **साविक मुन लाइट आवासिय माध्यामिक विद्यालय प्रा.लि** परिर्वतन गरि **मुनलाईट आवासीय विद्यालय प्रा.लि.** कायम भएको हुदा सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगारको अवसर

१. कम्पनी : ADVANCED CONTRACTING EST शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०८०७ LT. No.: 253861

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : LIGHT BAREEK COFFEE शहर: KSA
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०८०६ LT. No.: 253860

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cofee Maker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४८,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस ११ गते (26 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५२३/०६१/०६२

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
पो.ब.नं.: ९०३३, सामाखुसी-२९, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३५७६३१, फ्याक्सः ४३८१११७ मो. ९८५१२८४४५३, ९८४३८८१४८९, डाईरेक्ट नं. ४३८५४९९
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com

# Koshi Rural Municipality
## Office of the Rural Municipal Executive
### Laukahi, Sunsari
### Province No.-1, Nepal

## Invitation for Bids

**Date of publication: 19th Dec. 2021**

1. Koshi Rural Municipality invites Only Online Bids under e -procurement system from eligible Bidders for the construction of Road Works under National competitive Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bid document at PPMO website **www.bolpatra.gov.np/egp**.
3. Bidding Document is available online and can be downloaded from e-gp system www.bolpatra.gov.np/egp Interested Bidder should deposit the cost of Bidding Document as mentioned below in the following specified Bank.
   - A. Name of the Bank : Mega Bank
   - B. Name of the office : Koshi Rural Municipality, Laukahi, Sunsari
   - C. Revenue Account No : 3080010000186
4. Interested Bidder should submit online Bids through e-procurement portal http:/www.bolpatra.gov.np/egp only on below stated Time and Date. Bidders are required to follow the electronic Bid submission procedure as specified in e -gp system.
5. Online Bids shall be opened in the presence of Bidders representatives who chooses to attend on below stated time and date at Koshi Rural Municipality Office . Bids must be valid for a period of 120 days of Bid opening and must be accompanied by Bid security as specified below which shall be valid for minimum 30 days beyond the Bid validity period. The scanned copy of Bid security should be uploaded in the e-gp system during Bid submission. Information to deposit Bid security amount in Bank.
   - Name of the Bank : Mega Bank
   - Dharauti khata No : 3080010000255
7. If the office happens to be closed on the date of opening of the Bids as specified, the Bids will be opened on the next working day at the same time and venue.
8. Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Matters not covered by this Notice shall be in accordance with PPA, PPR and prevailing Laws.

| S.No | Contract No./ID | Name of Work | Bid security Amount (NRs.) | Bid Document Fee(NRs.) | Submission Date and Time | Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1. | 15/NCB/KRM/WORKS/2078-079 | Construction of Ward 3 Jamuwa Kalopatre Dekhi Sunar Krishna Aadharbhut Khane Pani Jhangir Ansari Ajij Ansari Ghar Hudai Haripur Sakha Jodne Bato Kalopatre | 1095000 | 5000 | 18-01-2022 12 PM | 18-01-2022 2 PM |
| 2. | 16/NCB/KRM/WORKS/2078-079 | Construction of Nahar Chowk Dekhi Prabhakara Tole Hudai Hudaki Tole Jodane Kalopatre | 3935000 | 10000 | 18-01-2022 12 PM | 18-01-2022 2 PM |

Chief Administrative Officer

## साउदीमा रोजगार

१. कम्पनी: MUNIRA MOHAMMED AL FAHD CONTRACTING EST. शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०७७७ LT. No.: 253846

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fuel Station Worker | 2 | 0 | स. काममा दक्ष | 1400 | ४५,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: NAHJ COMMERCIAL INVESTMENT CO. शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०७७६ LT. No.: 253003

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५८,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: QALA PLASTIC INDUSTRY FACTORY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०७७८ LT. No.: 253938

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workers | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: MAHFOOZ MANUFACTURING COMPANY (ONE PERSON CO.) शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०८१५ LT. No.: 253844

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५८,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker | 4 | 0 | | 1200 | ३८,८३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष ११ गते (26 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.न. १ र ४ को निःशुल्क, अन्यको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FutureLink Connect to your future...
Gov. Lic. No. 839/066/067

**Future Link International Pvt. Ltd.**
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

# बक्स अफिस समाचार

# ‘राज्यले साथ दिए नेपाली सिनेमा क्षेत्रले फड्को मार्न समय लाग्दैन’



विशाल बिष्ट, अभिनेता

दुई दशक पहिले निर्माण भएको चलचित्र ‘शहर’बाट अभिनय यात्रा शुरु गरेका नायक विशाल बिष्ट अहिले पनि सिने क्षेत्रमा नै सक्रिय छन् । एक दर्जन बढी सफल चलचित्रमा काम गरेका नायक बिष्टले गहना, थोरै भए पुगिसरी, राहत, कथा, मालती, दुई दिनको जिन्दगी, अधिकार, मायाँ मोह, अतित, जीवनका पानाहरु, कृपा, जीवनचक्र लगायतका टेलिफिल्ममा अभिनय गरेका छन् । केही म्युजिक भिडियोमा मोडलिङ गर्नुका साथै अभिनयसमेत गरेका बिष्ट कुशल फिल्म सम्पादक पनि हुन् । उनी रौटा फिल्म अवार्ड, बक्स अफिस फिल्म अवार्ड २०१४ लगायतका सम्मानबाट सम्मानित भइसकेका छन् । काठमाडौंमा भएको डाइमण्ड शान्ति सन्ध्या २०६१, डाइमण्ड चलचित्र सम्मान २०६१, न्युयर कल्चर फेष्टिभल २०६३ र बिराटनगरमा भएको डाइमण्ड सम्मान साँझ २०६२, फिल्म स्टार नाइट २०६० कार्यक्रममा उनले आफ्नो प्रस्तुति दिएका थिए । आफुलाई दिइएको पात्रलाई पूर्णरुपले न्याय दिनसक्ने अभिनय क्षमता भएका **अभिनेता विशाल विष्ट**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानी :

**लकडाउनको समय कसरी बिताउनुभयो ?**

कोभिड-१९ ले सिनेमा क्षेत्रमात्र होइन सबै क्षेत्रमा ठुलो प्रभाव पार्‍यो । यो समयमा हाम्रो थुप्रै कलाकार, प्राविधिकहरु विभिन्न समस्यामा पर्नुभयो, उहाँहरुको लागि सकेको सहयोग जुटाउन लागियो । यही बीचमा केही भिडियोमा काम गरें र अहिले भने नयाँ प्रोजेक्टको गृहकार्यमा जुटेको छु ।

**अहिलेसम्म कतिवटा चलचित्रमा काम गर्नुभयो ?**

सबैलाई थाहा भएकै कुरा हो मेरो अभिनय यात्रा चलचित्र ‘शहर’बाट भएको भन्ने, जुन चलचित्र व्यावसायिकरुपले पनि सफल मानिएको थियो । त्यसपछि यस्तै रैछ जिन्दगी, छहारी, दशगजा, भाग्य बिधाता, ग्याम्लर, चाल, जुनकिरी, एके ४७, अपहरण, दुश्मन दुनियाँ, दि गेम आदि नेपाली छन् भने भोजपुरी मंगल फेरा, खेलाडी बल्मा, कन्हैया, पुलिस अफिसर आदि छन् । म्युजिक भिडियोको कुरा गर्नु हुन्छ भने पचास जति पुगे होलान् ।

**भोजपुरी र नेपाली फिल्म निर्माणमा के भिन्नता पाउनुभयो ?**

प्रविधि उही हो, काम गर्ने तौरतरिका उस्तै हो । फरक यति हो उनीहरु समयलाई महत्व दिन्छन्, सिष्टममा काम गर्छन्, हामी कहाँ त्यसको कमी छ ।

**बीचमा हराउनु भएको थियो नि ?**

हराएको होइन त्यस समयमा म भोजपुरी फिल्ममा ब्यस्त थिएँ । र, बीच बीचमा नेपाली फिल्मको लागि पनि काम गरिरहें, यसलाई हराएको भन्न नमिल्ला ।

**तपाईंलाई कस्तो भूमिका मन पर्छ ?**

आफुलाई चित्त बुझ्दो भूमिका भयो भने जस्तोसुकै भूमिका होस् काम गर्छु । नायक होस् वा खलनायक दुबै पात्रको चरित्र सहज रुपमा निभाउन सक्नु नै वास्तविक कलाकारिता हो । कलाकार भइसकेपछि यही भूमिकामात्र गर्नुपर्छ भन्ने छैन । तपाईंले हेर्नु भएको होला मेरो फिल्म वा टेलिफिल्म भिन्न भिन्न रुपमा पाउनु हुन्छ ।

**कला क्षेत्रको वर्तमान अवस्था कस्तो छ ?**

नाजुग अवस्थाबाट गुज्रिरहेको छ । नेपाली चलचित्र उद्योग जुन उत्साहका साथ अघि बढिरहेको थियो, महाभुकम्प र कोभिड-१९ का कारणले असर परेको छ । जबसम्म चलचित्रको निर्माण, प्रदर्शन र वितरण प्रक्रिया सहजरुपमा शुरु हुँदैन, तबसम्म श्रमजीवी चलचित्रकर्मीले काम पाउँदैनन् र दैनिक जीवनमा समस्या हुन्छ । लामो समयको बन्दाबन्दीका बाबजुद पनि सिनेमा हलहरु खुल्न थालेका छन्, बिस्तारै सुटिङ हुन थालेको छ, यो चाहिँ खुशीको कुरा हो हाम्रो लागि ।

**किन मनोरञ्जनको क्षेत्र नै बढी प्रभावित भयो ?**

यो क्षेत्र भनेको मानिसलाई सबै पक्षबाट आत्मसन्तुष्टि मिलेपछिमात्र लिने भएकोले पनि मनोरञ्जन व्यवसाय विशेष निगरानीमा परेको होला । निषेधाज्ञा खुकुलो भएसँगै अरु क्षेत्र सहजरुपले संचालन हुन थालेका छन् । एकाध चलचित्रको सुटिङ हुन थालेपनि यो क्षेत्र ठप्प जस्तै छ । यो क्षेत्रलाई कसरी पहिलेकै अवस्थामा फर्काउन सकिन्छ भन्ने कुरामा हामी गम्भिर बन्नुपर्छ जस्तो लाग्छ ।

**सिनेमाको प्रवर्द्धनका लागि राज्यले के गर्नुपर्ला ?**


नेपाली सिनेमाको प्रवर्द्धनको विषयमा राज्य मौन रहनु भएन । राज्यले उद्योगको रुपमा चलचित्र क्षेत्रलाई समेटेको अवस्था भएपनि व्यवहारमा लागू हुन सकिरहेको छैन । चलचित्र निर्माणको लागि बैंक ऋणको सुविधा छैन । अन्य व्यवसायलाई जस्तो चलचित्र निर्माणको लागि पनि बैंक ऋणको व्यवस्था हुन सके चलचित्रका लगानीकर्तालाई सहज हुन्थ्यो जस्तो लाग्छ । अहिलेसम्म व्यक्तिले सिनेमामा लगानी गर्दै आइरहेको अवस्था छ, राज्यले साथ दिने हो भने नेपाली सिनेमा क्षेत्रले फड्को मार्न समय लाग्दैन ।

**चलचित्रमा लगानी गर्न डराउनुको कारण यही हो त ?**

बैंकिङ सुविधा भएको खण्डमा व्यक्तिलाई आर्थिक भार पर्दैन, जसको कारण उसले सहज तरिकाले काम गर्न सक्छ । निर्माता बचेमा सिनेमा उद्योग बच्छ र राज्यले पनि ठूलो मात्रामा राजश्व असुल्न सक्छ । त्यसैले हामी सबैले यसतर्फ पनि ध्यान दिनुपर्छ । हो, नेपाली सिनेमा पनि उद्योगको रुपमा आगाडि बढिरहेको र ठूलो संख्यामा रोजगार दिइरहेको, कलाकारदेखि प्राविधिकसम्मलाई समाजमा छुट्टै प्रतिष्ठा प्रदान गरेको छ । नेपाली सिनेमा पनि विदेशमा विशेष प्रदर्शन गरेर निर्माताले राम्रै आर्थिक लाभ लिइरहेका थिए, अब के फेरि त्यही स्तरमा नेपाली सिनेमाले उचाई लिन्छ त भन्ने प्रश्न उठेको छ । त्यसैले यससँग संबन्धित सबै निकाय, संस्था र राज्य स्तरबाट गहनरुपले सोच्ने बेला आएको छ ।

**केही भन्नु हुन्छ कि ?**

विविध कारणले कला क्षेत्र प्रभावित बनेको छ । यस्तो अवस्थामा नआत्तिकन सम्हालिएर आ-आफ्नो ठाउँबाट नेपाली कला क्षेत्रको उत्थानको लागि जुट्नु पर्ने बेला आएको छ । विगतमा यस्तो थियो उस्तो थियो भन्नु भन्दा पनि आगामी दिनमा कला क्षेत्रलाई कसरी अगाडि बढाउने भन्ने सोच्नु पर्ने भएको छ । कलाकारले कलाकारिता गर्न सकुञ्जेलमात्र उसको परिवारको दैनिकी चलेको हुन्छ । जुन दिन कलाकारिता गर्न सक्दैन उसको हातमा केही हुँदैन न अनुदान न पेन्सेन । त्यसैले यसतर्फ पनि हामी आफैंले पहल गर्नुपर्ने बेला आएको छ । भविष्यको लागि थोरै भएपनि आर्थिक पाटो सुनिश्चित बनाउन सकियो भने नयाँ पुस्ता अझै कलाकारिता प्रति आकर्षित हुन्थ्ये कि भन्ने लाग्छ । मलाई सम्झेर केही भनाइ राख्ने अवसर दिनु भएकोमा तपाईंलगायत लोकप्रिय दैनिक मध्यान्ह टिमप्रति आभारी छु ।




## कतारमा रोजगार | कम्पनी : El Hidhab Bakery

शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०९/०२ | चलानी नं.: ६०१७०७२१ | LT. No.: 253917

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 1 | 0 | सम्बन्धित कामभा दक्ष | 1300 | ४३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Baker | 2 | 0 | | 1300 | ४३,३५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष ११ गते (26 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ५२४/०६१/०६२

**फ्रेण्डसिप ईन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.**

सामाखुसी, काठमाडौं, नेपाल फोन: ४३८७४९९, ४३६२६६२

मो: ९८०३१४८०२१, ९७४१८७५४३६ । Email: hrfriendship1@gmail.com

## Romania मा रोजगारको अवसर | कम्पनी: NOMIS 2003 SRL

शहर: Romania

पूर्व स्वीकृत मितिः २०७८/०९/०२ | चलानी नं.: ६०१७०७५४ | LT. No.: 249968

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workers in road construction activity | 30 | 0 | स. काममा दक्ष | 650 | ७८,९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष ११ गते (26 December 2021) मा हुनेछ ।

